नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४

सुदूरपश्चिम प्रदेशको प्रादेशिक प्रतिवेदन

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान

अनुसन्धान तथा परामर्श सेवा विभाग

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४

सुदूरपश्चिम प्रदेशको प्रादेशिक प्रतिवेदन

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
अनुसन्धान तथा परामर्श सेवा विभाग

लेखक
त्रिलोचन पोखे्रल
शैलेन्द्र प्रसाद भट्ट
पृथा पौड्याल

भाषा सम्पादक
उत्तम आचार्य

प्रतिलिपि अधिकार
अनुसन्धान तथा परामर्श सेवा विभाग, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

स्पष्टिकरण
नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ शासकीय प्रणालीका विभिन्न पक्षहरूको बारेमा नागरिकहरूको विचार बुझ्न पहिलो पटक गरिएको हो । प्रस्तुत प्रतिवेदनमा व्यक्त गरिएका विचारहरू प्रतिष्ठानको अधिकारिक होइनन् ।

बिस्तृत जानकारी
अनुसन्धान तथा परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
rcsd@nasc.org.np
www.nasc.org.np

साभार गर्ने तरिका
पोखे्रल, त्रिलोचन, भट्ट, शैलेद्र प्रसाद र पौड्याल, पृथा, २०७७, नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४: सुदूरपश्चिम प्रदेशको प्रादेशिक प्रतिवेदन । जावलाखेल, ललितपुर: नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान ।

हाम्रो भनाई

यो प्रतिवेदन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले गरेको नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ को तथ्याङ्कमा आधारित रहेर तयार पारिएको सुदूरपश्चिम प्रदेशको प्रादेशिक प्रतिवेदन हो । प्रतिवेदन तयार गर्ने क्रममा विभिन्न व्यक्ति तथा संघ संस्थाहरूबाट प्राप्त सहयोगप्रति हामी आभार ब्यक्त गर्दछौं ।

प्रतिवेदन लेखनका लागि हामीलाई अवसर प्रदान गरेकोमा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान तथा सम्पूर्ण प्रतिष्ठान परिवारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ को तथ्याङ्कविना यो प्रतिवेदन तयार पार्न सम्भव हुने थिएन । त्यसैले सर्वेक्षणका लागि नेपाल सरकार र अन्य संघ संस्था, तथ्याङ्क संकलनका समयमा खटिनुहुने तथ्यांक संकलकहरू, तथ्याङ्क संकलन कार्यलाई सहजीकरण र अनुगमन गर्ने सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । साथै तथ्याङ्कको प्रस्तुतिमा सहयोग गर्ने प्रतिष्ठानका अनुसन्धान तथा प्रशिक्षण अधिकृत अनिल कुमार गुप्तालाई पनि हार्दिक धन्यवाद दिन चाहान्छौं । साथै प्रतिवेदनको भाषा सम्पादन गरी पठनीय बनाउन योगदान दिने प्रतिष्ठानका अध्ययन निर्देशक उत्तम आचार्यप्रति आभारी छौँ ।

प्रतिवेदनमा सर्वेक्षणको तथ्याङ्कले प्रस्तुत गरेका विषयवस्तुलाई व्याख्यात्मक स्वरूप प्रदान गरिएको छ । सरल रूपमा लेखिएको यो प्रतिवेदन अध्ययन गर्ने सम्पूर्ण पाठक वर्गलाई सरल र सहज हुन्छ भन्ने अपेक्षा गरिएको छ । प्रतिवेदनले सुदूरपश्चिम प्रदेशको समग्र शासकीय स्वरूप र प्रक्रियामा त्यस प्रदेशका नागरिकको धारणा र अभिमतलाई प्रतिविम्वित गर्छ । प्रतिवेदनलाई त्रुटीरहित बनाउन हरसंभव प्रयास गरिएको छ । यद्यपि कुनै त्रुटी रहेमा त्यसको जिम्मेवारी प्रतिवेदन लेखन समूहकै हुनेछ । आगामी दिनमा यसलाई अझ परिष्कृत गर्दै लैजाने कुरामा प्रतिबद्ध रहँदै सम्पूर्ण पाठक वर्गबाट रचनात्मक सुझाव र सल्लाहको अपेक्षा गर्दछौं ।

कार्यकारी सारांश

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ मा नेपालका सातैवटा प्रदेशबाट तथ्यांक संकलन गरिएको थियो । यो प्रतिवेदन सोही सर्वेक्षणमा आधारित रही सुदूरपश्चिम प्रदेशमा मात्र केन्द्रित रहेको छ । सर्वेक्षणमा शासकीय व्यवस्थाको आधारशीला, शासकीय व्यवस्थाका पूर्वाधार र सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित विषयहरूमा तथ्यांक संकलन गरिएको थियो ।

उत्तरदाताको सामाजिक र आर्थिक विवरण

- यस प्रदेशका कुल १५९५ उत्तरदाताहरूमा महिलाको संख्या केही बढी रहेको छ । उत्तरदाताहरूमा ५५ प्रतिशत महिलाहरू थिए भने ४५ प्रतिशत पुरूष रहेका थिए । सबैभन्दा धेरै उत्तरदाता (३६%) २५-३९ उमेर समूहका थिए भने अल्पसंख्यक (१२%) उत्तरदाता १८-२४ उमेर समूहका थिए । त्यस्तै, सर्वेक्षणमा ५५ प्रतिशत उत्तरदाताहरू नगरपालिकाका र ४५ प्रतिशत गाउँपालिकाका थिए ।

- सबैभन्दा धेरै (४२%) उत्तरदाता निरक्षर थिए । त्यसपछि आधारभूत शिक्षा हासिल गरेका २० प्रतिशत थिए भने पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएका उत्तरदाता र माध्यमिक शिक्षा हासिल गरेका उत्तरदाताको संख्या (दुवै १७%) उत्तिकै थिए । थोरै उत्तरदाता (५%) चाँहि उच्च शिक्षा हासिल गरेका थिए ।

- सबैभन्दा धेरै उत्तरदाता पहाडी क्षेत्री/ठकुरी (४४%) थिए । त्यसपछि थारू (१५%), पहाडे ब्राह्मण/संन्यासी (१३%) र पहाडे दलित १३ प्रतिशत थिए । त्यस्तैगरी तराई जनजाति, तराई दलित, पहाडे जनजाति र तराई ब्राह्मण/भूमिहार/राजपुत/कायस्थ, अन्य तराई जातका उत्तरदाता क्रमशः सात प्रतिशत, चार प्रतिशत, दुई प्रतिशत, दुई प्रतिशत र एक प्रतिशत रहेका थिए ।

- उत्तरदाताको पेशाको कुरा गर्नुपर्दा सबैभन्दा धेरै (३५%) कृषि पेशामा संलग्न थिए भने त्यसपछि घरायसी काम (२१%) र बेरोजगार (१४%) थिए । सेवा, व्यापार, ज्यालादारी र अन्य पेशाका उत्तरदाता क्रमशः १० प्रतिशत, आठ प्रतिशत, सात प्रतिशत र दुई प्रतिशत रहेका थिए । उत्तरदातामध्ये ५२ प्रतिशतले आँफू मध्यमस्तरको रहेको भनेका थिए भने ४७ प्रतिशतले गरीव भनेका थिए । जम्मा एक प्रतिशत उत्तरदाताले मात्रै आँफू धनी भनेका थिए ।

शासकीय व्यवस्थाको आधार

- नागरिकहरूले सबैभन्दा बढी स्वयं सेवा/समाज सेवा र वडा/गाउँको भेलामा सहभागी हुने देखियो । त्यस्तै विद्यालयमा हुने अभिभावक-शिक्षक बैठक, सांस्कृतिक/जातीय/धार्मिक भेला, बैठक आदि तथा उपभोक्ता समूहका बैठकमा पनि सहभागी हुने गरेको पाईयो । झण्डै

एक तिहाई नागरिकले राजनीतिक दलको अभियान तथा आमसभा र स्थानीय तहको योजना/बैठकमा सहभागी हुने गरेको देखियो भने दशमध्ये एकको सामाजिक संजाल अभियान, धर्ना, घेराउ जस्ता बिरोध कार्यक्रममा सहभागिता देखियो ।

- महिलाहरूको तुलनामा पुरूषहरू सामाजिक संगठन तथा बैठकहरूमा बढी सहभागी भएको पाइयो । उमेर समूहको आधारमा २५ देखि ३९ बर्षका नागरिकहरू सबैभन्दा बढी सहभागी भएको पाइयो भने ६० वा सो भन्दा बढी उमेरका नागरिकको सहभागिता कम पाइयो । शिक्षाको स्तर बढेसंगै नागरिकको सहभागिता बढेको पाईयो । जात-जातिको आधारमा सबैभन्दा बढी पहाडे जनजाति र थोरैमा तराई जातिको सहभागिता देखियो । आर्थिक अवस्था बढेसंगै त्यस्तो बैठकमा सहभागिता बढेको पाइयो ।

- नागरिकहरूले मन्त्री, राजनीतिक दल र सासंदहरूलाई ईमान्दार छन् भन्नेमा कमै विश्वास गरेको पाइयो । तुलनात्मक रूपमा बढी नागरिकले नेपाली सेना, उपभोक्ता समूह, प्रहरी, नागरिक समाज र अदालतलाई ईमान्दार छन् भनि विश्वास गरेको पाइयो ।

- भ्रष्टाचार नियन्त्रणमा धेरै नागरिकहरूले सरकारले चाहेमा भ्रष्टाचार नियन्त्रण गर्न सक्छ भन्ने सकारात्मक सोच राखेको पाइयो । तर झण्डै पाँचमध्ये एक जना नागरिकले सरकार भ्रष्टाचार नियन्त्रण गर्न चाहँदैन भन्ने विचार राखेका छन् । शिक्षाकोस्तर बढेसंगै सरकार भ्रष्टाचार नियन्त्रण गर्न चाहँदैन भन्ने नागरिकको संख्या पनि बढ्दै गएको पाइयो ।

- ६ प्रतिशत नागरिकले सार्वजनिक सेवा प्राप्त गर्दा घुस दिनु परेको बताए । शिक्षाको तह बढेसंगै सेवा प्राप्त गर्दा घुस दिनु परेको वा घुस मागेको भन्ने नागरिकको संख्या बढी पाइयो । महिलाहरूभन्दा दोब्बर बढी पुरूषहरूले घुस दिनु परेको वा घुस मागेको बताए । त्यस्तै आर्थिक अवस्था राम्रो भएका नागरिकहरूलाई घुसको लागि भनिएको वा घुस दिनु परेका पाइयो ।

- सरकारी निकायलाई जवाफदेही बनाउन सरकारले निर्धारण गरेका संयन्त्र जस्तै सार्वजनिक सुनवाई, सामाजिक परीक्षण र परियोजना सम्बन्धी बोर्डहरू बारे झण्डै एक चौथाई नागरिकलाई थाहा नभएको देखियो । त्यस्तै विद्यालयका सामाजिक (अभिभावक-शिक्षक अन्तरक्रिया) परीक्षण र उपभोक्ता समिति बारे एक तिहाई नागरिकले सुनेको/देखेको पाईयो भने त्यति नै संख्यामा आँफै सहभागी भएको पाइयो ।

- सरकारले प्रदान गर्ने समाजिक सुरक्षा सेवा, निःशुल्क (आधारभूत) स्वास्थ्य र निःशुल्क विद्यालय शिक्षा सेवाहरू सबैलाई समान रूपमा उपलब्ध छ भन्नेमा धेरै नागरिक सहमत छन् । तर सरकारले दिने आधारभूत सेवाहरू (खानेपानी, विद्युत आदि) र बाढी/पहिरो/भूकम्प जस्ता विपद्पछि सुरक्षा र सहयोगहरू सबैलाई समान रूपमा प्रदान गरिएको छ भन्नेमा धेरै जसो नागरिकहरू असहमत छन् ।

- नेपाली समाजमा अझै पनि शारीरिक अपाङ्गता भएका व्यक्तिहरूमा, महिला/केटाकेटीमाथि, दलितहरूमाथि हुने भेदभाव विद्यमान रहेको देखिन्छ । त्यस्तै छरछिमेकमा, प्रहरी कार्यालयमा, सार्वजनिक स्थानमा र सरकारी कार्यालयमा पनि भेदभाव विद्यमान रहेको छ।

- थोरैमात्र नागरिकहरूले शारीरिक रूपमा दुर्व्यवहार भोगेको बताए । पाँचमध्ये एक जनाले मौखिक (शाब्दिक र सांकेतिक समेत) दुर्व्यवहार भएको बताए भने उजुरी गरेको अवस्थामा न्यायिक उपचार दशमध्ये एक जनाले नपाएको बताए । झण्डै एक तिहाई नागरिकलाई आफ्नो टोल छिमेकमा कुनै अपराध होला कि भन्ने डर लाग्ने गरेको छ । झण्डै दशमध्ये चार जनाले आँफू बस्ने स्थानको वरिपरि एक्लै हिंडडुल गर्दा असुरक्षित महसूस गरेको पाइयो ।

शासकीय व्यवस्थाका पूर्वाधारहरू

- सर्वेक्षणमा संलग्न ९३ प्रतिशत नागरिकहरू वि. स. २०७४ सालमा सम्पन्न भएको संघ, प्रदेश र स्थानीय तहको निर्वाचनमा सहभागी भएका थिए । नागरिकको आर्थिक स्तर बढेसँगै निर्वाचनमा सहभागिता कम भएको पाइयो । त्यस्तै निर्वाचनमा शिक्षित वर्गभन्दा औपचारिक शिक्षा प्राप्त नगर्ने वा निरक्षर नागरिकको सहभागिता बढी भएको पाइयो ।

- दशमध्ये एक जना नागरिकले राजनीतिक दल वा उम्मेदवारले पैसा, खाद्यान्न, रक्सी वा अन्य उपहार बाँडेको भन्ने सुनेका थिए । त्यस्तै चार प्रतिशत नागरिकहरूले त्यस्तो घटना भएको र देखेको पाइयो । दशमध्ये एक जनाले मतदाता सूचीमा नाम नभएकोले मतदान नगरी मतदान केन्द्र बाट फर्केको घटना भएको र देखेको बताए भने तीन प्रतिशतले त्यस्तो घटना सुनेको पाइयो ।

- निर्वाचनमा ९८ प्रतिशत नागरिकले स्वतन्त्र रूपमा आँफूले चाहेको उम्मेदवारलाई छान्न भोट दिन र मतदान गर्ने सुविधा सहज भएको बताए । त्यस्तै ९३ प्रतिशतले मतपत्र बुझ्न सजिलो भएको बताए । सरकार/राजनीतिक दलले मतदातालाई चाहिने जति मतदाता शिक्षा दिएको भन्नेमा करिव १० मा चार नागरिकहरू पूर्ण मात्रामा सहमत देखिए । त्यस्तै सञ्चार माध्यमहरूले सबै उम्मेदवारहरूको बारेमा निष्पक्ष सूचना दिएको र मतगणना निष्पक्ष भयो भन्ने कुरामा दशमध्ये आठ मतदाताहरू पूर्ण वा केही मात्रामा सहमत भएको पाइयो ।

- दशमा छ जना नागरिकलाई नयाँ संविधानको बारे जानकारी भएको देखियो । नागरिकहरूको शिक्षाको स्तर बढेसँगै नयाँ संविधान बारे थाहा पाउनेको संख्या पनि बढ्दै गएको पाइयो । नयाँ संविधान बारे सुनेका केही नागरिकहरूलाई मात्र संविधानका विभिन्न व्यवस्था बारे जानकारी रहेको पाइयो ।

- दशमध्ये नौ जना नागरिकले स्थानीय सरकारप्रति विश्वास गरेको देखियो । निर्वाचित प्रतिनिधिहरूले सुशासनमा सुधार ल्याउने छन् भन्नेमा धेरैको विश्वास भएको पाइयो ।

- प्रादेशिक तथा स्थानीय सरकारको प्रथम प्राथमिकता सडक हुनुपर्ने भनि सबैभन्दा बढी नागरिकहरूले बताए भने सबैभन्दा कम नागरिकहरूले त्यस्तो प्राथमिकता वातावरण संरक्षणमा हुनुपर्ने बताए ।

- प्रायः नगरिकहरूलाई राजनीतिक दलहरूको क्रियाकलापहरूको बारे ज्ञान नभएको पाइयो । महिलाभन्दा पुरूष, जातजातिको हकमा सबैभन्दा बढी पहाडे जनजातिमा राजनीतिक दलहरूको क्रियाकलापहरूको बारे ज्ञान नभएको पाइयो । उमरे बढेसंगै त्यस्तो क्रियाकलापहरूको ज्ञान भएका नागरिकको संख्या घटेको पाइयो । तर शिक्षाको स्तर तथा आर्थिक अवस्थामा सुधार आएसंगै त्यस्तो क्रियाकलापहरूको ज्ञान भएका नागरिकको संख्या बढेको पाइयो ।

- राजनीतिक दलका क्रियाकलापको जानकारी रहेका नागरिकहरूमध्ये ३० प्रतिशतभन्दा कमलाई मात्र राजनीतिक दलहरूले सार्वजनिक सेवामा सुधार ल्याउने, तीन तहको सरकारको संरचना कार्यान्वयन गर्ने, देशमा समावेशी संस्कृतिको विकास गर्ने, कानूनको पालना र विकास निर्माणजस्ता क्रियाकलाप गर्छन् भन्नेमा पूर्ण विश्वास गरेको पाइयो । राजनीतिक दलहरूले भ्रष्टाचार नियन्त्रण गर्न सहयोग गर्छन् भन्नेमा करिव १० प्रतिशत नागरिकहरूले मात्र विश्वास गरेको पाइयो ।

- राजनीतिक दलहरूको बारेमा ज्ञान भएका नागरिकहरूलाई दलहरूले के आधारमा उम्मेदवार छनौट गर्छन् भन्ने प्रश्न सोधिएको थियो । राजनीतिक दलहरूले ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा उम्मेदवार छनौट गर्छन् भनेर तीनमध्ये एक नागरिकले भनेको पाइयो । तर एक चौथाई नागरिकको पहिलाको कार्यासम्पादनको आधारमा उम्मेदवार छनौट गरिन्छ भन्ने विश्वास भएको पाइयो ।

- सरकारले विभिन्न माध्यमबाट सार्वजनिक सरोकारका विषयमा सूचना प्रवाह नियमित तथा कहिलेकाँही गराएको अनुभव धेरैले गरेको पाइयो । तर दशमध्ये एक जनाले त्यस्तो सूचना केही पनि नबुझेको र झण्डै आधा (५३%) नागरिकहरूले सार्वजनिक सूचना केही मात्रामा मात्रै बुझ्ने गरेको पाइयो ।

- केही नागरिकहरूले आँफू वा आफ्नो परिवारका सदस्यहरूले सरकारले व्यवस्था गरेको विभिन्न सामाजिक सुरक्षा प्रणालीहरूको बारेमा नसुनेको बताए । नागरिकहरूले आधारभूत सुरक्षा, सामाजिक कल्याण योजना/सामाजिक सुरक्षा, निजी सम्पत्तिको सुरक्षामा सुधार आएको महसूस गरेता पनि धेरैले उपभोक्ता अधिकार, खाद्य सुरक्षा, पहिरो/बाढी/विपद्बाट संरक्षणको अवस्था भने उस्तै रहेको बताए ।

- आँफू वा आफ्नो परिवारमा कुनै पनि किसिमको आपद् वा प्रकोपको बेला सहयोगको लागि कसलाई भन्नुहुन्छ भन्ने प्रश्न सोधिएको थियो । दशमध्ये सात नागरिकहरूले आँफू वा आफ्नो परिवारमा कुनै पनि किसमको आपद् वा प्रकोपको बेला सहयोगको लागि टोल छिमेक/

साथीहरूलाई पहिलो प्राथमिकतामा राखेको पाइयो । करिव १६ प्रतिशत नागरिकहरूले मात्र त्यस्तो अवस्थामा प्रहरीलाई सहयोगको लागि पहिलो प्राथमिकतामा राखेको पाइयो भने स्थानीय/सामाजिक अगुवाहरू, सरकारी कर्मचारीहरू/कार्यालयलाई दुई प्रतिशत नागरिकले मात्र पहिलो प्राथमिकतामा राखेको पाइयो ।

सार्वजनिक सेवा

- सेवा लिन सरकारी कार्यालय गएका नागरिकमध्ये ५६ प्रतिशतले कसैको सहयोग बिना सेवा लिएका छन् भने ४४ प्रतिशतले अरूको सहयोग लिएका थिए । सेवा लिन अरूको सहयोग लिएकामध्ये धेरैले आफ्नो परिवार/नातेदार/छिमेकी/साथीको सहयोग लिएको देखियो ।

- तीन चौथाई नागरिकले सरकारी कार्यालयबाट एक पटकमै सो सेवा प्राप्त गरेका छन् । करिव आधा नागरिकले सेवा लिंदा शुल्क तिरेको र सो वापत रसिद पाएका छन् भने ४४ प्रतिशतले कुनै पनि शुल्क तिरेको देखिंदैन ।

- नागरिकहरू प्रायः सरकारी कर्मचारीको व्यवहारप्रति सन्तोषजनक नै भएको देखिन्छ । प्रतिशतका आधारमा नागरिकहरू सरकारी कर्मचारीले सेवाका बारेमा स्पष्ट सूचना दिन्छन् भन्नेमा ७२ प्रतिशत, उनीहरू नम्र भाषाको प्रयोग गर्छन् भन्नेमा ७१ प्रतिशत, मित्रभाव/मिलनसार व्यवहार गर्छन् भन्नेमा ६८ प्रतिशत, नियमको पालना गर्छन् भन्नेमा ६७ प्रतिशत, सेवाग्राहीको कुराहरू राम्रोसँग सुन्छन् बुझ्छन् भन्नेमा ६६ प्रतिशत र समयमा सेवा उपलब्ध गराउँछन् भन्नेमा ६० प्रतिशतले पूर्ण वा आंशिक सहमति जनाएका थिए ।

- बहुमत संख्यामा नागरिकहरू (८५% र ८०%) ले सरकारी कार्यालयमा आफ्नो वा चिनेको मान्छे नहुनुले र दुरी/असहज भौगोलिक अवस्थितिले सेवा लिन समस्या भएको व्यक्त गरेका थिए ।

- बहुमत नागरिकले सरकारी विद्यालयमा बच्चाको भर्ना गर्न, पञ्जिकरण सेवा लिन, नजिकको सरकारी अस्पतालमा वा स्वास्थ्य संस्थामा उपचार गर्न र नागरिकता लिन सहज भएको बताए । तर जग्गा पास गर्न र रेकर्ड प्राप्त गर्न, विद्युत जडान गर्न, खानेपानी धारा जडान गर्न धेरैलाई असहज भएको पाइयो ।

- सरकारी कार्यालयमा यदि कसैसंग चिनेको वा पहुँच छ भने जसरी पनि काम हुन्छ भन्ने कुरामा अत्यधिक बहुमत नागरिकहरू सहमत थिए । त्यस्तै सरकारी कार्यालयमा सेवा लिन कागजपत्र मिलेरमात्र हुँदैन, घुस पनि आवश्यक छ भन्ने कुरामा ६२ प्रतिशत नागरिक सहमत थिए भने ५२ प्रतिशत नागरिक सरकारी कार्यालयमा कुनै झन्झट् बिना सेवा प्राप्त गर्न सकिन्छ भन्नेमा असहमत थिए ।

- नागरिकहरू सरकारी सेवाबाट मिश्रित रूपमा सन्तुष्ट भएको पाइयो । सरकारी सेवाबाट पूर्ण सन्तुष्ट हुने नागरिक १७ प्रतिशत र केहीमात्रामा सन्तुष्ट हुने ६५ प्रतिशत थिए । तर १३ प्रतिशत केही असन्तुष्ट थिए भने जम्मा तीन प्रतिशत पूर्ण असन्तुष्ट थिए ।

देशको आगामी दिशा

- अत्यधिक बहुमत नागरिक (८४%) ले देश सही दिशातर्फ गईरहेको उल्लेख गरेका थिए । तर १० प्रतिशतले भने देश गलत दिशातर्फ गईरहेको महसूस गरेका थिए ।

- आँउदो दिनमा देशका विभिन्न पक्षमा सुधार आँउनेमा नागरिकहरू आशावादी थिए । बहुमत नागरिकले हरेक क्षेत्रमा सुधार हुन्छ भनेका थिए भने एकदमै सानो संख्यामा (२%) नागरिकहरूलाई अवस्था विग्रिन्छ भन्ने लागेको थियो ।

विषय सूची

हाम्रो भनाई क

कार्यकारी सारांश ख

विषय सूची ज

चित्रहरू ञ

अनुसूचीहरू ठ

परिच्छेद् १: परिचय १

१.१ पृष्ठभूमि १

१.२ सुदूरपश्चिम प्रदेशको संक्षिप्त परिचय १

१.३ सर्वेक्षण विधि २

१.४ उत्तरदाताको परिचय ३

१.५ प्रतिवेदनको स्वरूप ३

परिच्छेद् २: शासकीय व्यवस्थाको आधारशीला ४

२.१ सार्वजनिक क्रियाकलापहरूमा सहभागिता ४

२.२ स्थानीय विकास योजनामा सहभागिता ५

२.३ सार्वजनिक तथा राजनैतिक संस्थाहरूको ईमान्दारिता ७

२.४ भ्रष्टाचार नियन्त्रण ८

२.५ सार्वजनिक तथा सरकारी सेवामा घुस ९

२.६ सामाजिक जवाफदेहिता ९

२.७ सामाजिक सुरक्षा र सार्वजनिक सेवामा पहुँच १०

२.८ सार्वजनिक स्थलमा हुने विभेद ११

२.९ विभेदको अनुभव १२

२.१० सामाजिक सार्वजनिक व्यवहारमा आएको सुधार १३

२.११ नागरिक सुरक्षाको अनुभव १४

परिच्छेद् ३: शासकीय प्रणालीको पूर्वाधार १५

३.१ निर्वाचनमा सहभागिता १५
३.२ निर्वाचनको गुणस्तरीयता १६
३.३ संविधानको बारेमा जानकारी १८
३.४ संविधानका व्यवस्थाका बारेमा जानकारी २०
३.५ विकासको प्राथमिकता २०
३.६ स्थानीय सरकारको कार्यसम्पादन २१
३.७ स्थानीय शासन प्रणालीमा सुधार २२
३.८ राजनैतिक दलका क्रियाकलापबारे जानकारी २३
३.९ राजनीति दलप्रति विश्वास २४
३.१० राजनैतिक दलले उम्मेदवारको छनौट गर्ने प्रक्रिया २५
३.११ सार्वजनिक सरोकारको बिषयमा सार्वजनिक सञ्चार २५
३.१२ सरकारले प्रवाह गरेको सूचनाको स्पष्टता २६
३.१३ सुरक्षाको अवस्थामा सुधार २७
३.१४ सार्वजनिक सुरक्षाको अवस्था २८
३.१५ आकस्मिक आपद्मा मद्दत २९

परिच्छेद् ४: सार्वजनिक सेवा प्रवाह ३१

४.१ सार्वजनिक सेवाको प्रयोग ३१
४.२ सेवा प्राप्त गर्न गरेको प्रयास ३२
४.३ सार्वजनिक सेवा लिए वापत तिरेको रकम ३२
४.४ सेवा प्रदायकको व्यवहार ३३
४.५ सार्वजनिक सेवा लिनलाई हुने अवरोध ३४
४.६ सार्वजनिक सेवा प्राप्त गर्दाको सहजता ३४
४.७ सार्वजनिक सेवाको वातावरण ३५
४.८ सार्वजनिक सेवा प्रतिको सन्तुष्टी ३७

परिच्छेद् ५: दृष्टिकोण र सम्भावनाहरू ३८

५.१ देशको समग्र दिशा ३८
५.२ देशको आगामी अवस्थामा सुधार ३९

चित्रहरू

चित्र २.१ स्थानीय सार्वजनिक क्रियाकलापहरूमा हुने सहभागिता ५
चित्र २.२ स्थानीय विकास योजनामा सहभागिता ६
चित्र २.३ सार्वजनिक तथा राजनैतिक संस्थाहरूको ईमान्दारिता ७
चित्र २.४ सरकारको भ्रष्टाचार नियन्त्रण गर्ने प्रयास प्रतिको धारणा ८
चित्र २.५ शिक्षाको स्तरको आधारमा सरकारको भ्रष्टाचार नियन्त्रण गर्ने प्रयास प्रतिको धारणा ८
चित्र २.६ सार्वजनिक तथा सरकारी सेवा प्राप्त गर्दा घुस दिएको वा मागिएको ९
चित्र २.७ सामाजिक जवाफदेहिताका संयन्त्रको बारेमा जानकारी र सहभागिता १०
चित्र २.८ सामाजिक सुरक्षा र सार्वजनिक सेवामा पहुँच ११
चित्र २.९ सार्वजनिक स्थलमा हुने विभेद १२
चित्र २.१० सर्वेक्षणअघि १२ महिनाभित्र आँफू वा आफ्नो परिवारले बारम्बार वा कहिलेकाहीं गरेको विभेदको अनुभव १३
चित्र २.११ विगत पाँच बर्षमा सामाजिक सार्वजनिक व्यवहारमा आएको सुधार १३
चित्र २.१२ नागरिक सुरक्षाको अनुभव १४
चित्र ३.१ २०७४ सालको स्थानीय, प्रदेश र संघको निर्वाचनमा सहभागिता १६
चित्र ३.२ निर्वाचनमा भएका घटना १७
चित्र ३.३ निर्वाचन प्रक्रियाको गुणस्तरीयता प्रतिको धारणा १८
चित्र ३.४ नेपालको संविधान (२०७२) बारेमा जानकारी १९
चित्र ३.५ संविधानका व्यवस्थाका बारेमा जानकारी २०
चित्र ३.६ प्रादेशिक तथा स्थानीय सरकारका आगामी ५ बर्षको विकास प्राथमिकता २१
चित्र ३.७ स्थानीय सरकारको सम्पादन प्रतिको धारणा २२
चित्र ३.८ स्थानीयतहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा ल्याउने सुधारप्रति नागरिकहरूको धारणा २२
चित्र ३.९ राजनीतिक दलका क्रियाकलापहरूको जानकारी २३
चित्र ३.१० राजनीतिक दलप्रतिको विश्वास २४
चित्र ३.११ राजनीतिक दलले निर्वाचनमा उम्मेदवार छनौट गर्ने प्रक्रिया २५
चित्र ३.१२ सरकारले विभिन्न माध्यमबाट सार्वजनिक सरोकारका विषयमा प्रवाह गर्ने सार्वजनिक सूचनाप्रतिको धारणा २६
चित्र ३.१३ सरकारले प्रवाह गर्ने सार्वजनिक सूचनाको बुझाई २७
चित्र ३.१४ आधारभूत सामाजिक सुरक्षाको बारेमा जानकरी र सहभागिता २८

चित्र ३.१५ सुरक्षाको अवस्थामा २९
चित्र ३.१६ आकस्मिक आपतमा मद्दतको प्राथमिकता ३०
चित्र ४.१ सार्वजनिक सेवाको प्राप्ति ३१
चित्र ४.२ सेवा प्राप्त गर्न गरेको प्रयासको पटक ३२
चित्र ४.३ सार्वजनिक सेवा लिए वापत तिरेको रकम ३२
चित्र ४.४ सार्वजनिक सेवा प्रदायकको व्यवहार ३३
चित्र ४.५ सार्वजनिक सेवा लिनलाई हुने अवरोध ३४
चित्र ४.६ सार्वजनिक सेवा प्राप्त गर्दाको सहजता ३५
चित्र ४.७ सार्वजनिक सेवाको वातावरण ३६
चित्र ४.८ सार्वजनिक सेवाप्रतिको सन्तुष्टी ३७
चित्र ५.१ देश कुन दिशा गईरहेको छ? ३८
चित्र ५.२ देशको आगामी अवस्थामा सुधार ३९

अनुसूचीहरू

अनुसूची १: उत्तरदाताको सामाजिक तथा जनसंख्याको विवरण ४०

अनुसूची २: वि. सं. २०७४ सालको संघीय तथा प्रदेश निर्वाचनमा सहभागिता ४२

अनुसूची ३: सार्वजनिक सेवाको प्रयोग ४४

परिच्छेद
१

परिचय

१.१ पृष्ठभूमि

यो प्रतिवेदन नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले सम्पन्न गरेको नेपालको राष्ट्रिय शासकीय सर्वेक्षण, २०७४ को नतिजामा आधारित छ । नयाँ संबिधान, २०७२ लागू भएसंगै नेपालको संघीय संरचना र शासकीय पद्धतिमा आएको परिवर्तनले नागरिकहरूमा प्रशासन र राज्य प्रतिको अपेक्षा बढाएको छ । त्यसै सन्दर्भमा शासकीय प्रणालीका विभिन्न आयामहरूमा नागरिकहरूको धारणा बुझ्ने उद्देश्यले नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण, २०७४ सम्पन्न गरिएको थियो । यो प्रतिवेदनमा उक्त राष्ट्रिय सर्वेक्षणको तथ्यांकमा आधारित रहेर शासकीय व्यवस्थाका विभिन्न पक्षहरूमा सुदूरपश्चिम प्रदेशका नागरिकहरूको धारणा विश्लेषण गरिएको छ । सर्वेक्षणको उद्देश्यहरू निम्न बमोजिम रहेको थियो:

(क) शासकीय प्रणालीका विभिन्न आयामहरूको वर्तमान स्थितिप्रति नागरिकहरूको धारणा बुझ्ने ।

(ख) नीति निर्माण र शासकीय प्रणाली सुधारको लागि संघ, प्रदेश र स्थानीय सरकारलाई तथ्यको आधार तयार गर्ने ।

(ग) सार्वजनिक प्रशासनको क्षमता विकास, शैक्षिक अध्ययन र अनुसन्धानको लागि सन्दर्भ सामाग्रीको विकास गर्ने ।

१.२ सुदूरपश्चिम प्रदेशको संक्षिप्त परिचय

नेपालको संविधानको धारा ५६(१) ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गर्नुका साथै धारा ५६(२) ले नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानून वमोजिम गर्ने व्यवस्था गरेको छ । संविधानको अनुसूची ४ मा नेपालमा भएका सातवटा प्रदेशको सीमांकन गरिएको छ ।

नेपालको कूल क्षेत्रफलको १३.२७ प्रतिशत हिस्सा ओगटेको यस प्रदेशको क्षेत्रफल १९,५३९ वर्ग किलोमीटर रहेको छ । यो प्रदेशमा डोटी, डडेल्धुरा, अछाम, बैतडी, दार्चुला, बझाङ, बाजुरा, कैलाली र कञ्चनपुर गरी ९ वटा जिल्लाहरू छन् । सुदूरपश्चिम प्रदेशमा एक उप-महानगरपालिका, ३३ नगरपालिका र ५४ गाउँपालिका गरी जम्मा ८८ स्थानीय तह रहेका छन् । ती स्थानीय तहका ७३४ वडाहरू रहेका छन् । यो प्रदेशमा १६ वटा प्रतिनिधि सभा निर्वाचन क्षेत्र र ३२ वटा प्रदेश सभा निर्वाचन क्षेत्रहरू रहेका छन् ।

नेपालको राष्ट्रिय जनगणना २०६८ अनुसार यो प्रदेशको जनसंख्या २,५५२,५१७ रहेको छ जुन कुल जनसंख्याको ९.६३ प्रतिशत हुन आउँछ । त्यसमध्ये पुरूषको जनसंख्या १२,१७,८८७ (४७.७१%) र महिलाको जनसंख्या १३,३४,६३० (५२.२८%) रहेको छ । यो प्रदेशमा खस आर्यको सबैभन्दा बढी जनसंख्या (६०.२%) रहेको छ भने त्यसपछि तराई जनजाति (१७.२५%), दलित (१२.९४%) र पहाडी जनजाति (३.५०%) रहेको छ । मुसलमान, मधेसी लगायत अन्य जातजातिको जनसंख्या ६.११ प्रतिशत रहेको छ ।

१.३ सर्वेक्षण विधि

नेपालको संविधान २०७२ जारी भएसँगै नेपाल नयाँ शासकीय प्रणालीमा प्रवेश गर्यो । यो ऐतिहासिक परिवर्तनले नेपाली राज्य संरचनालाई एकात्मक केन्द्रिकृत राज्यबाट संघीय गणतन्त्रमा रूपान्तरण गरेको छ । राज्य रूपान्तरणको ऐतिहासिक क्रममा नेपालको शासकीय प्रणालीका विभिन्न आयामहरूमा नागरिकहरूको धारणा बुझ्ने उद्देश्यले नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ गरिएको थियो । सर्वेक्षणमा देशभरीबाट जम्मा १२८७२ नागरिकहरूसँग अन्तर्वार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । तथ्याङ्क संकलन गर्न जिल्ला, नगरपालिका/गाउँपालिका, मतदानकेन्द्र तथा व्यक्ति गरी कुल चार तहमा नमूना छनौट गरिएको थियो । २०७४ मा सम्पन्न भएको स्थानीय, प्रदेश र संघको निर्वाचनको लागि निर्वाचन आयोगले तयार गरेको मतदाता नामावलीबाट वैज्ञानिक विधि प्रयोग गरी उत्तरदाताहरू छानिएका थिए । सात वटा प्रदेश र भौगोलिक क्षेत्र (हिमाल, पहाड र तराई) को आधारमा ७७ वटा जिल्लामध्ये ४३ जिल्ला छनौट भएका थिए । ती जिल्लाहरूबाट ८८ नगरपालिका र ७५ गाँउपालिका गरी १६४ स्थानीय तहहरू छानिएको थियो । यसै गरी नगरपालिकाहरूबाट ३०० र गाँउपालिकाहरूबाट ३४६ गरी जम्मा ६४६ मतदान केन्द्रहरू छानिएको थियो । र प्रत्येक मतदान केन्द्रबाट २० जना मतदाताहरूलाई मुख्य उत्तरदाता र १० जना वैकल्पिक उत्तरदाता छानिएको थियो । सुदूरपश्चिम प्रदेशमा नगरपालिकाहरूबाट ८७७ र गाँउपालिकाहरूबाट ७१८ गरी जम्मा १५९५ नागरिकहरूसँग अन्तर्वार्ता गरी तथ्याङ्क संकलन गरिएको थियो ।

सर्वेक्षणको प्रश्नावली केन्द्रीय तथ्याङ्क विभाग, सरकारी प्रतिनिधि, गैरसरकारी संस्था, नागरिक समाज, अनुसन्धान संस्थाहरू, प्राज्ञिक व्यक्ति र अन्य सरोकारवालाहरूसँगको छलफल/अन्तरक्रिया र बिषय विज्ञको सहयोगबाट तयार गरिएको थियो । प्रश्नावलीलाई विभिन्न चरणको परीक्षण र पुनरावलोकन गरी Kobo Collect तथ्याङ्क संकलन सफ्टवेयरमा प्रविष्ट गरिएको थियो । तथ्याङ्क संकलनको लागि स्थलगत कार्य गर्न जम्मा १७ क्लस्टर (प्रत्येकमा २ देखि ४ जिल्ला) बनाई हरेकमा तीनदेखि पाँच तथ्याङ्क संकलन कर्ता खटाइएको थियो । तथ्यांक संकलनको कार्य २०७४ पुसदेखि फागुनसम्म गरिएको थियो । संकलन गरिएको तथ्यांकलाई विषय विज्ञहरूले परीक्षण गरेका थिए भने केन्द्रीय तथ्याङ्क विभागको परामर्शमा आवश्यक सम्पादन गरिएको थियो ।

१.४ उत्तरदाताको परिचय

सुदूरपश्चिम प्रदेशका कुल १५९५ उत्तरदाताहरूमध्ये ५५ प्रतिशत महिलाहरू थिए भने ४५ प्रतिशत पुरूष रहेका थिए । निर्वाचन आयोगको मतदाता नामावलीबाट सर्वेक्षणका लागि सहभागीहरू छानेको हुँदा सबै उत्तरदाता १८ वर्ष भन्दामाथि रहेका थिए । सबैभन्दा धेरै उत्तरदाता (३६%) २५-३९ उमेर समूहका थिए भने ३५ प्रतिशत उत्तरदाता ४०-५१ उमेर समूहका थिए । साठी र सो भन्दामाथि उमेर समूहका उत्तरदाता १७ प्रतिशत थिए । अल्पसंख्यक (१२%) उत्तरदाता १८-२४ उमेर समूहका थिए । सर्वेक्षणमा ५५ प्रतिशत उत्तरदाताहरू नगरपालिकाका थिए भने ४५ प्रतिशत गाउँपालिकाका थिए । सबैभन्दा धेरै (४२%) उत्तरदाता निरक्षर रहेका थिए । त्यसपछि आधारभूत शिक्षा हासिल गरेका (२०%) थिए भने पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएका उत्तरदाता र माध्यमिक शिक्षा हासिल गरेका उत्तरदाताको संख्या उत्तिकै (दुवै १७%) थिए । थोरै उत्तरदाताहरूको (५%) चाहिँ उच्च शिक्षा हासिल गरेका थिए । कुल उत्तरदातामध्ये पहाडी क्षेत्री/ठकुरीको संख्या सबैभन्दा धेरै (४४%) थिए । त्यसपछि थारू (१५%), पहाडे ब्राह्मण/संन्यासी (१३%) र पहाडे दलित १३ प्रतिशत रहेका थिए । त्यस्तैगरी तराई जनजाति, तराई दलित, पहाडे जनजाति र तराई ब्राह्मण/भूमिहार/राजपुत/कायस्थ, अन्य तराई जातका उत्तरदाता क्रमशः ६.६ प्रतिशत, ३.९ प्रतिशत, १.८ प्रतिशत, दुई प्रतिशत र एक प्रतिशत थिए । सबैभन्दा थोरै संख्यामा नेवार (०.२%) र मुसलमान (०.१%) थिए । सबैभन्दा धेरै उत्तरदाता (३५%) कृषि पेशामा संलग्न थिए भने त्यसपछि घरायसी काम (२१%) र बेरोजगार (१४%) थिए । सेवा, व्यापार, ज्यालादारी र अन्य पेशाका उत्तरदाता क्रमशः १० प्रतिशत, आठ प्रतिशत, प्रतिशत र दुई प्रतिशत थिए । उत्तरदातामध्ये ५२ प्रतिशतले आँफू मध्यमस्तरको रहेको भनेका थिए भने ४७ प्रतिशतले गरीव भनेका थिए । जम्मा एक प्रतिशत उत्तरदाताले मात्रै आँफूलाई धनी वर्गमा राखेका थिए ।

१.५ प्रतिवेदनको स्वरूप

प्रस्तुत प्रतिवेदनलाई छ भागमा विभाजन गरिएको छ । पहिलो परिच्छेद्मा परिचय र पृष्ठभूमि, प्रदेशको संक्षिप्त जानकारी, सर्वेक्षणको विधि र उत्तरदाताको जानकारी समावेश गरिएको छ । दोस्रो परिच्छेद्मा सुदूरपश्चिम प्रदेशको शासकीय प्रणालीको आधार, परिच्छेद् तीनमा शासकीय प्रणालीका पूर्वाधारहरू र परिच्छेद् चारमा सार्वजनिक सेवा प्रवाहका तथ्यांकहरू विश्लेषण गरिएको छ । अन्तिम परिच्छेद्को रूपमा परिच्छेद् पाँचमा नागरिकहरूवाट प्राप्त भविष्यप्रतिको धारणालाई प्रस्तुत गरिएको छ ।

परिच्छेद
२

शासकीय व्यवस्थाको आधारशीला

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले नागरिक आवाज र सहभागिता, सार्वजनिक संस्थाहरूको ईमान्दारिता तथा जवाफदेहिता, न्याय तथा सामाजिक समावेशीकरण र विधिको शासनलाई शासकीय व्यवस्थाको आधारशीलाको रूपमा परिभाषित गरेको थियो । स्थानीय संगठन तथा समितिहरूका साथै स्थानीय विकास योजनाका गतिविधिहरूमा नागरिकको सहभागिता, सरकारी र सार्वजनिक संस्थाहरूप्रति नागरिकको धारणा, सामाजिक न्याय, सार्वजनिक सेवामा पहुँच र कानूनको शासनको बारेमा नागरिकको धारणाको बिश्लेषण यस परिच्छेद्मा गरिएको छ ।

२.१ सार्वजनिक क्रियाकलापहरूमा सहभागिता

चित्र २.१ ले सुदूरपश्चिम प्रदेशका जनताहरूको स्थानीय स्तरका सार्वजनिक तथा राजनीतिक क्रियाकलापहरूमा हुने सहभागितालाई देखाएको छ । यसबाट सार्वजनिक विषयहरूमा नागरिकको सक्रियता मापन गर्न सकिन्छ । नागरिकहरूले सबैभन्दा बढी स्वयं सेवा/समाज सेवा (६३%) र वडा/गाउँको भेला (६१%) मा बारम्बार वा कहिलेकाहीं सहभागी हुने गरेको पाइयो । त्यस्तै विद्यालयमा हुने अभिभावक र शिक्षक बैठक (५४%), सांस्कृतिक जातीय/धार्मिक ऱ्याली, बैठक आदि (५२%) तथा उपभोक्ता समूहका बैठक (५०%) नागरिकहरू बारम्बार वा कहिलेकाही सहभागी हुने गरेको पाइयो । झण्डै एक तिहाई नागरिकले राजनीतिक दलको अभियान, ऱ्याली तथा आमसभा र स्थानीय तहको योजना/बैठकमा बारम्वार वा कहिलेकाही सहभागी हुने गरेको बताए भने सामाजिक संजाल अभियानमा १६ प्रतिशत र धर्ना, घेराउ जस्ता बिरोध कार्यक्रममा दशमध्ये एक जनाको सहभागिता देखियो ।

चित्र न. २.१ स्थानीय सार्वजनिक क्रियाकलापहरूमा हुने सहभागिता (% मा, संख्या=१५९५)



२.२ स्थानीय विकास योजनामा सहभागिता

विकास निर्माणमा स्थानीयहरूको सहभागिता सुनिश्चित गर्न सरकारले विभिन्न प्रयासहरू गरिरहेको छ । यस्ता विकास निर्माणमा स्थानीयहरूको सहभागीहरू बारे प्रश्न सोधिएको थियो । स्थानीय तहको योजना बैठकमा सुदूरपश्चिम प्रदेशका नागरिकहरूको सहभागितालाई चित्र २.२ मा देखाइएको छ । महिलाहरूको तुलनामा पुरुषहरू सामाजिक संगठन तथा बैठकहरूमा बढी सहभागी भएको पाइयो । करिव ४७ प्रतिशत पुरूषहरू र २६ प्रतिशत महिलाहरू मात्र त्यस्तो बैठकमा सहभागी हुने गरेको पाइयो । उमेर समूहको आधारमा २५ देखि ३९ बर्षका नागरिकहरू सबैभन्दा बढी सहभागी भएको पाइयो भने ६० वा सो भन्दा बढी उमेरका नागरिकको सहभागिता कम पाइयो । शिक्षाको स्तर बढेसंगै नागरिकको सहभागिता बढेको पाइयो । उच्च शिक्षा प्राप्त गर्ने झण्डै दशमध्ये छ जनाको त्यस्तो बैठकमा सहभागी हुनेगरेका थिए भने एक चौथाई निरक्षर नागरिकको सहभागी भएका थिए । विभिन्न जात जातिको आधारमा सबैभन्दा बढी पहाडे जनजाति (६६%), त्यसपछि पहाडी ब्राह्मण संन्यासी (४१%), पहाडे क्षेत्री ठकुरी (३६%), दलित (३४%), तराई जनजाति (३१%) र तराई जाति (२४%) का नागरिकको सहभागिता पाइयो । आर्थिक अवस्था बढेसंगै स्थानीय स्तरका बैठकमा सहभागिता बढ्ने गरेको देखियो । समग्रमा, कुल एक तिहाई (३५%) नागरिकहरूले मात्र स्थानीय तहको योजना बैठकमा सहभागिता जनाउने गरेको पाइयो ।

चित्र न. २.२ स्थानीय विकास योजनामा सहभागिता (% मा, संख्या=१५९५)



२.३ सार्वजनिक तथा राजनैतिक संस्थाहरूको ईमान्दारिता

सार्वजनिक तथा राजनैतिक संस्थाहरूको ईमान्दारितालाई चित्र २.३ मा देखाइएको छ । नागरिकहरूले राज्यका विभिन्न संयन्त्र तथा निकायहरूको मूल्यांकनले राज्यको सुशासनको स्थितिलाई दर्शाउँछ । यसै सन्दर्भमा नारिकहरूलाई राज्यका विभिन्न निकाय तथा संस्था कति ईमान्दार रहेको पाउनुहुन्छ भन्ने प्रश्न सोधिएको थियो । झण्डै दुई तिहाई (३०%) नागरिक स्थानीय सरकार ईमान्दार छन् भन्ने कुरामा पूर्ण वा आंशिक सहमत छन् । त्यस्तै ४६ प्रतिशत नागरिकले राजनीतिक दल र ४२ प्रतिशत नागरिकले मात्र सांसदहरू पूर्ण वा आंशिक ईमान्दार छन् भन्नेमा विश्वास गरेका पाइयो । अन्य सार्वजनिक निकायहरूमा पनि जनविश्वास फरक फरक पाइयो । यसै गरी मन्त्रीहरू अत्यन्त वा केही मात्रामा ईमान्दार छन् भन्ने नागरिकहरू ३८ प्रतिशत पाइयो । नेपाली सेना (७७%), उपभोक्ता समूह (६७%), प्रहरी (५८%), नागरिक समाज (६३%), सरकारी कर्मचारी (५६%), गैर सरकारी संस्था (५३%) र अदालत (५०%) लाई नागरिकले पूर्ण वा आंशिक ईमान्दार छन् भन्ने विश्वास गरेको पाइयो ।

चित्र २.३ सार्वजनिक तथा राजनैतिक संस्थाहरूको ईमान्दारिता (% मा, संख्या =१५९५)



२.४ भ्रष्टाचार नियन्त्रण

चित्र २.४ मा सरकारले भ्रष्टाचार नियन्त्रणमा गरेको प्रयासप्रति सुदूरपश्चिमका नागरिकहरूको धारणा देखाइएको छ । करिव ५० प्रतिशत नागरिकहरूले यदि सरकारले चाहेमा भ्रष्टाचार नियन्त्रण गर्न सक्छ भन्ने धारणा राखेको पाइयो । झण्डै पाँचमध्ये एक (२२%) नागरिकले सरकार भ्रष्टाचार नियन्त्रण गर्न चाहँदैन भन्ने धारणा व्यक्त गरे । त्यस्तै सरकार भ्रष्टाचार नियन्त्रण गर्न सक्दैन भन्नेमा १७ प्रतिशत नागरिकहरू सहमत भएको पाइयो भने दशमध्ये एक नागरिकले सरकारको भ्रष्टाचार नियन्त्रण गर्ने प्रयासप्रति केही भन्न नसक्ने बताए ।

चित्र २.४ सरकारको भ्रष्टाचार नियन्त्रण गर्ने प्रयास प्रतिको धारणा (% मा, संख्या=१५९५)



सरकारको भ्रष्टाचार नियन्त्रण गर्ने प्रयासप्रति शैक्षिक स्तरको आधारमा नागरिकहरूको धारणा चित्र ४.५ ले देखाएको छ । शिक्षाको तह बढेसँगै सरकारले भ्रष्टाचार नियन्त्रण गर्ने प्रयास प्रतिको अनिश्चिता घटेको पाइयो तर शिक्षाको स्तर बढेसंगै सरकार भ्रष्टाचार नियन्त्रण गर्न चाहँदैन भन्ने नागरिकको अनुपात तीव्र रूपमा बढ्दै गएको पाइयो । यो अनुपातमा निरक्षर र उच्च शिक्षा हासिल गरेका नागरिकबीच दोब्बरभन्दा बढीको भिन्नता छ ।

चित्र २.५ शिक्षाको स्तरको आधारमा सरकारको भ्रष्टाचार नियन्त्रण गर्ने प्रयास प्रतिको धारणा (% मा, संख्या=१५९५)



२.५ सार्वजनिक तथा सरकारी सेवामा घुस

चित्र २.६ मा सुदूरपश्चिम प्रदेशका नागरिकहरूले सार्वजनिक सेवा प्राप्त गर्दा घुस दिनुपर्ने स्थितिलाई देखाइको छ । सार्वजनिक सेवा प्राप्त गर्दा नागरिकहरूलाई सो सेवा प्राप्त गर्दा घुसको लागि भनिएको तथा घुस दिनु परेको वा नदिएको भन्ने प्रश्न सोधिएको थियो । सार्वजनिक सेवा प्राप्त गर्दा छ प्रतिशत नागरिकले घुसको मागेको वा घुस दिनु परेको बताए । जम्मा तीन प्रतिशत निरक्षर नागरिकहरूले घुस मागिएको वा घुस दिनु परेको बताए भने सो अनुपात माध्यमिक तथा उच्च शिक्षा हासिल नागरिकहरूमा २२ प्रतिशत छ । शिक्षाको तह बढेसंगै सेवा प्राप्त गर्दा घुस दिनु परेको वा घुसको मागिएको भन्ने नागरिकको संख्या निक्कै बढी पाईयो । महिलाहरू (४%) भन्दा दोब्बर पुरूषहरू (८%) ले घुस दिनु परेको वा घुस मागिएको बताए । तुलनात्मक रूपमा आर्थिक अवस्था राम्रो भएका नागरिकहरूले घुस मागिएको वा घुस दिनु परेको बताए ।

चित्र २.६ सार्वजनिक तथा सरकारी सेवा प्राप्त गर्दा घुस दिएको वा मागिएको
(% मा, संख्या=१५९५)



२.६ सामाजिक जवाफदेहिता

चित्र २.७ सामाजिक जवाफदेहिता संयत्रमा नागरिकहरूको सहभागिता प्रस्तुत गरिएको छ । सार्वजनिक निकायहरूलाई जवाफदेही बनाउन सामाजिक जवाफदेहिताका संयन्त्र बारेमा नागरिकले सुनेको तथा आँफू वा आफ्नो परिवारको सदस्य सहभागी भएको वा नभएको भन्ने बारे प्रश्न सोधिएको थियो । त्यस अन्तर्गत सार्वजनिक सुनुवाई (२६%), सामाजिक परीक्षण (२९%) र परियोजना सम्बन्धी बोर्डहरू राखेको (२३%) कुरा झण्डै एक चौथाई नागरिकले नसुनेको वा नदेखेको बताए । विद्यालयका सामाजिक (अभिभावक-शिक्षक अन्तरक्रिया) परीक्षण ३३ प्रतिशतले र

उपभोक्ता समिति बारे ३८ प्रतिशत नागरिकले सुनेको/देखेको पाईयो भने लगभग त्यति नै प्रतिशत जनताहरू आँफै सहभागी भएको पाइयो । सार्वजनिक सहभागिता अन्तर्गतको संयन्त्रमा दशमध्ये एक नागरिकको परिवारका सदस्य सहभागी भएको पाईयो ।

चित्र २.७ सामाजिक जवाफदेहिताका संयन्त्रको बारेमा जानकारी र सहभागिता (% मा, संख्या=१५९५)



२.७ सामाजिक सुरक्षा र सार्वजनिक सेवामा पहुँच

चित्र २.८ मा सुदूरपश्चिम प्रदेशका नागरिकहरूको सार्वजनिक सेवा पहुँच प्रतिको धारणा देखाइएको छ । सरकारले प्रदान गर्ने विभिन्न सेवा प्रतिको धारणा बारे नागरिकहरूलाई प्रश्न सोधिएको थियो । सरकारले प्रदान गर्ने समाजिक सुरक्षा सेवा समान रूपमा उपलब्ध गराएको छ भन्नेमा अधिकतम नागरिकहरू सहमत (९२% पूर्ण वा आंशिक सहमत) भएको पाईयो । तीन चौथाईभन्दा बढी नागरिकहरू सरकारले प्रदान गर्ने नि:शुल्क (आधारभूत) स्वास्थ्य (८३%) र नि:शुल्क विद्यालय शिक्षा (८२%) मा सबैको समान पहुँच भन्नेमा पूर्ण वा आंशिक सहमत भएको पाइयो । आधारभूत सेवाहरू (खानेपानी, विद्युत आदि) को हकमा ३४ प्रतिशत र नागरिकहरू सबैको समान पहुँच छ भन्नेमा पूर्ण वा आंशिक असहमत भएको पाइयो । सरकारले बाढी/पहिरो/भूकम्प विपद्पछि नागरिक प्राप्त गर्नुपर्ने सुरक्षा र सहयोगमा सबैको समान पहुँच छ भन्नेमा ४० प्रतिशत नागरिकहरू पूर्ण वा आंशिक असहमत रहेको पाइयो ।

चित्र २.८ सामाजिक सुरक्षा र सार्वजनिक सेवामा पहुँच (%मा, संख्या=१५९५)



२.८ सार्वजनिक स्थलमा हुने विभेद

सार्वजनिक स्थलमा नागरिकहरूमाथि विभेदप्रति नागरिकको अभिमत चित्र २.९ मा देखाइएको छ । नागरिकहरूलाई नेपाली समाजमा रहेका विभेदसम्बन्धी प्रश्नहरू सोधिएको थियो । करिव १७ प्रतिशत नागरिकहरूले शारीरिक अपाङ्गता भएका व्यक्तिहरूमा हुने विभेद विद्यमान रहेको बताए भने १३ प्रतिशत नागरिकहरूले महिला/केटाकेटीमाथि परिवारमा विभेद हुने गरेको बताए । एक तिहाइभन्दा बढी (३९%) ले दलितहरूमाथि समाजमा विभेद हुने गरेको बताए । त्यस्तै तीनमध्ये एक नागरिकले (३२%) ले महिला/केटाकेटीमाथि समाजमामा विभेद हुने गरेको बताए । यसैगरी ३६ प्रतिशत नागरिकहरूले सरकारी कार्यालयमा, ३३ प्रतिशतले छरछिमेकमा, ३१% ले प्रहरी कार्यालयमा, र २९% ले सार्वजनिक स्थानमा नागरिकहरूमाथि विभेद हुने गरेको बताए । नागरिकहरूमाथि सरकारी कार्यालयमा धेरैमात्रामा विभेद हुने बताउने नागरिक आठ प्रतिशत रहेको पाइयो ।

चित्र २.९ सार्वजनिक स्थलमा हुने विभेद (%मा, संख्या=१५९५)



२.९ विभेदको अनुभव

नेपालको संविधान २०७२ ले कुनैपनि नागरिकलाई कुनैपनि किसिमको विभेद गर्न बन्देज लगाएको छ । यद्यपी यो सर्वेक्षणले अझै पनि कुनै न कुनै किसमको विभेद विद्यमान रहेको छ । सर्वेक्षणमा नागरिकहरूलाई आँफू वा आफ्नो परिवारले कुनै किसमको विभेद अनुभव गरे नगरेको बारेमा प्रश्न सोधिएको थियो । झण्डै पाँचमध्ये एक जना आर्थिक अवस्था (२२%) र जातीय (२१%) आधारमा विभेद अनुभव गरेको बताए । त्यस्तै भाषाको आधारमा १७ प्रतिशत र लैङ्गिक आधारमा १६ प्रतिशत नागरिकले विभेद अनुभव गरेको बताए । दशमध्ये एक जनाले राजनीतिक आवद्धताको आधारमा (१२%) र भूगोल/वासस्थानको आधारमा (११%) विभेद अनुभव गरेको बताए भने ५ प्रतिशत नागरिकले क्षेत्रीय (मधेसी/पहाडे) आधारमा विभेद अनुभव गरेको बताए । शारीरिक अपाङ्गताका आधारमा अनुभव गर्ने नागरिकको हिस्सा ३ प्रतिशत पाइयो ।

चित्र २.१० सर्वेक्षणअघि १२ महिनाभित्र आँफू वा आफ्नो परिवारले बारम्बार वा कहिलेकाहीं गरेको विभेदको अनुभव (% मा, संख्या=१५९५)



२.१० सामाजिक सार्वजनिक व्यवहारमा आएको सुधार

सामाजिक सार्वजनिक व्यवहारमा आएको सुधार चित्र २.११ मा देखाइएको छ । विगत पाँच बर्षमा नागरिकहरूले एकअर्कासँग गर्ने व्यवहारमा उल्लेख्य (८९%) सुधार भएको बताए । करिव ८० प्रतिशत नागरिकहरूले स्थानीय प्रतिनिधिहरूले नागरिकप्रति गर्ने व्यवहार र ७७ प्रतिशत नागरिकहरूले सरकारी कर्मचारीले नागरिकप्रति गर्ने व्यवहारमा सुधार भएको बताए । झण्डै पाँचमध्ये एक जना नागरिकलाई राजनीतिज्ञले नागरिकप्रति गर्ने व्यवहारमा परिवर्तन भएको लागेन । अदालत (न्यायाधीश र कर्मचारी) ले नागरिकप्रति गर्ने व्यवहारमा सुधार भएको भन्नेमा आधा नागरिकहरूमात्र सहमत देखिन्छन् । त्यस्तै झण्डै पाँचमध्ये एक जनाले प्रहरीले नागरिकप्रति गर्ने व्यवहार उस्तै वा अझ बिग्रको भन्ने अनुभव गरेको पाइयो ।

चित्र २.११ विगत पाँच बर्षमा सामाजिक सार्वजनिक व्यवहारमा आएको सुधार (% मा, संख्या= १५९५)



२.११ नागरिक सुरक्षाको अनुभव

चित्र २.१२ मा नागरिकको सामाजिक सुरक्षाको अनुभवलाई देखाइएको छ । करिव पाँच प्रतिशत नागरिकहरूले शारीरिक रूपमा दुर्व्यवहार अनुभव गरेको पाइयो । पाँचमध्ये एक जना (२१%) ले मौखिक (शाब्दिक र सांकेतिक) दुर्व्यवहार भएको बताए । उजुरी गरेको अवस्थामा न्यायिक उपचार झण्डै दशमध्ये एक जनाले नपाएको बताए । करिव ३० प्रतिशत नागरिकलाई आफ्नो टोल छिमेकमा कुनै अपराध होला कि भन्ने डर लाग्ने बताए । झण्डै चारमध्ये एक (२३%) नागरिकले आँफू बस्ने स्थानको वरिपरि एक्लै हिंडडुल गर्दा असुरक्षित महसूस गरेको पाइयो ।

चित्र २.१२ नागरिक सुरक्षाको अनुभव (% मा, संख्या = १५९५)



परिच्छेद ३

शासकीय प्रणालीको पूर्वाधार

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ ले निर्वाचन, संविधान र संवैधानिक प्रावधानहरू, संवैधानिक स्वतन्त्रताको अनुभूति, प्रादेशिक तथा स्थानीय सरकार, राजनीतिक संस्थाहरू, सामाजिक आवद्धता तथा नागरिक चेतना, सूचना तथा सञ्चार र सामाजिक सुरक्षालाई शासकीय व्यवस्थाका पूर्वाधारको रूपमा परिभाषित गरेको थियो । यस परिच्छेद्मा शासकीय व्यवस्थाका पूर्वाधारमा नागरिकको धारणालाई प्रस्तुत गरिएको छ । प्रतिनिधि सभा तथा प्रदेशको चुनावमा सहभागिता, निर्वाचनका बेलामा घटेका घटनाहरू, चुनावको गुणस्तरीयता, संविधानको बारेमा जानकारी, प्रादेशिक तथा स्थानीय सरकारको प्राथमिकता, स्थानीय सरकारको काम कारवाही, शासकीय प्रणालीमा सुधार, नेपालका राजनीतिक दल र तिनका क्रियाकलाप, सरकारको सार्वजनिक सूचना प्रक्रिया र त्यसको गुणस्तरका बारेमा नागरिकको अभिमतलाई विश्लेषण गरिएको छ ।

३.१ निर्वाचनमा सहभागिता

चित्र ३.१ ले वि. स २०७४ सालमा भएको संघीय इकाईहरूको निर्वाचनमा नागरिकको सहभागिता देखाएको छ । उक्त निर्वाचनमा सर्वेक्षणमा सहभागीहरूमध्ये ९३ प्रतिशत मतदाता सहभागी भएका थिए । नागरिकको आर्थिक स्तर बढेसँगै निर्वाचनमा सहभागगिता कम भएको पाइयो । त्यस्तै निर्वाचनमा शिक्षित वर्गभन्दा औपचारिक शिक्षा प्राप्त नगर्ने वा निरक्षर नागरिकको सहभागिता बढी भएको पाइयो । उच्च शिक्षा हासिल गर्नेमध्ये ९० प्रतिशतले मतदानमा भाग लिए भने निरक्षर रहेकामध्ये ९६ प्रतिशत नागरिकहरूले मतदानमा भाग लिए । पेशागत रूपमा कृषिमा आवद्ध ९७ प्रतिशत, ज्यालादारीमा काम गर्ने ९५ प्रतिशत, घरायसी काम र बेरोजगार रहेका ९४ प्रतिशत, व्यापार व्यवसाय गर्ने ९२ प्रतिशत र सरकारी वा निजी सेवामा रहेका ८२ प्रतिशत नागरिकहरूले मतदानमा सहभागी भएको बताए । उमेरको आधारमा हेर्ने हो भने सबैभन्दा बढी ६० बर्ष भन्दामाथिको नागरिकहरू (९६%) को निर्वाचनमा सहभागिता पाइयो भने सबैभन्दा कम १८ देखि २४ बर्षसम्मका नागरिकहरू (८८%) को सहभागिता पाइयो । (अनुसूची २)

चित्र ३.१ २०७४ सालको स्थानीय, प्रदेश र संघको निर्वाचनमा सहभागिता (% मा, संख्या=१५९५)



३.२ निर्वाचनको गुणस्तरीयता

वि. सं. २०७४ सालमा भएको स्थानीय, प्रदेश र संघको निर्वाचनको गुणस्तरीयतालाई चित्र ३.२ मा देखाइएको छ । नागरिकहरूलाई निर्वाचनमा भएका विभिन्न अनियमित घटनाहरू सम्बन्धी प्रश्न सोधिएको थियो । दशमध्ये एक जना नागरिकले राजनीतिक दल वा उमेदवारले पैसा, खाद्यान्न, रक्सी वा अन्य उपहार बाँडेको भन्ने सुनेको बताए । त्यस्तै चार प्रतिशत नागरिकहरूले त्यस्तो घटना भएको र देखेको बताए । जानिजानि मतपत्र बिगारेको र बुथ कब्जा भएको घटनाहरू एक प्रतिशत नागरिकले बताए । दलका उमेदवार/कार्यकर्ताले आपसमा झगडा गरेको भन्ने तीन प्रतिशत नागरिकले सुनेको बताए तथा दुई प्रतिशतले त्यस्तो घटना भएको र देखेको बताए । कुनै दल वा उम्मेदवार विशेषका लागि मतदान गर्न कसैले दबाव दिएको छ कि भन्ने प्रश्नमा एक प्रतिशतले सुनेको तथा दुई प्रतिशतले घटना भएको र देखेको बताऐ । दशमध्ये एक जनाले मतदाता सूचीमा नाम नभएकोले मतदान नगरी मतदान केन्द्रबाट फर्केको घटना भएको र देखेको बताए भने तीन प्रतिशतले त्यस्तो घटना सुनेको बताए । जम्मा दुई प्रतिशतले एक पटकभन्दा बढी मतदान गरेको भन्ने कुरा सुनेको बताए भने एक प्रतिशतले त्यस्तो घटना भएको र देखेको उल्लेख गरे ।

चित्र ३.२ निर्वाचनमा भएका घटना (%मा, संख्या=१४९०)



प्राय सबै नागरिकहरू (९८ प्रतिशत पूर्ण वा आंशिक मात्रामा) ले स्वतन्त्र रूपमा आँफूले चाहेको उम्मेदवारलाई मत हाल्न र मतदान गर्ने सुविधा सहज भएको बताए । त्यस्तै ९३ प्रतिशतले मतपत्र बुझ्न सजिलो भएको बताए भने मतगणना निष्पक्ष भयो भन्ने नागरिकहरू जम्मा ८३ प्रतिशत रहेको पाइयो । करिव पाँचमध्ये एक (१९%) मतदाताले सरकार/राजनीतिक दलले मतदातालाई चाहिने जति मतदाता शिक्षा दिएको भन्नेमा असहमत भएको बताए । त्यस्तै दशमध्ये आठ मतदाताहरू सञ्चार माध्यमहरूले सबै उम्मेदवारहरूको बारेमा निष्पक्ष सूचना दिएको भन्ने कुरामा पूर्ण वा केही मात्रामा सहमत भएको उल्लेख गरे ।

चित्र ३.३ निर्वाचन प्रक्रियाको गुणस्तरीयता प्रतिको धारणा (% मा, संख्या=१४९०)



३.३ संविधानको बारेमा जानकारी

चित्र ३.४ मा नेपालको संविधान २०७२ बारे नागरिकहरूमा रहेको जानकारी देखाइएको छ । नेपालको संविधान २०७२ बारेमा नागरिकहरूलाई विभिन्न प्रश्न सोधिएको थियो । सर्वेक्षणको बेलामा जम्मा ६१ प्रतिशत नागरिकहरूले मात्र नेपालको संविधान २०७२ बारे जानकारी भएको बताए । झण्डै एक तिहाईभन्दा बढी (३९%) नागरिकहरूलाई नयाँ संविधान बारे जानकारी नभएको बताए । उमेर समूह अनुसार सबैभन्दा बढी १८ देखि २४ बर्षसम्मका (७८%) नागरिकहरूमा नयाँ संविधान बारे जानकारी भएको पाइयो । साठी बर्ष वा सो भन्दा उमेरका ४४ प्रतिशत नागरिकहरूले मात्र त्यस्तो जानकारी भएका बताए । नागरिकहरूको शिक्षाको स्तर बढेसँगै नयाँ संविधान बारे थाहा पाउनेको संख्या बढ्दै गएको पाइयो । उच्च शिक्षा प्राप्त गर्ने ९७ प्रतिशत नागरिकलाई नेपालको संविधानको जानकारी हुँदा औपचारिक शिक्षा नपाएका ७० प्रतिशत र निरक्षरमध्ये ३७ प्रतिशतलाई मात्र नयाँ संविधान बारे जानकारी रहेको पाइयो । तीन चौथाईभन्दा बढी उच्च बर्गमा, ६९ प्रतिशत मध्यम वर्गमा र दुइमध्ये एक जना गरीव नागरिकमा नयाँ संविधान बारे जानकारी रहेको पाइयो । तीन चौथाईभन्दा बढी पुरुषहरूमा नयाँ संविधान बारे जानकारी हुँदा दुइमध्ये एक महिलामा मात्र नयाँ संविधान बारे जानकारी रहेका पाइयो । जातीयताको हिसावमा नयाँ संविधान बारे अन्य जातजातिभन्दा तराईका जनजाति (३५%) र दलितहरू (५७%) मा कम जानकारी रहेको पाइयो । प्रश्न सोधिएका सबै मुसलमान (१००%) नागरिकहरूलाई, तीन चौथाईभन्दा बढी तराई जात (८९%), पहाडे जनजाति (८६%), पहाडे ब्राह्मण संन्यासी (७९%) नागरिकले नयाँ संविधान बारे

थाहा पाएको बताए भने तीन तिहाई (६७%) पहाडे क्षेत्री ठकुरी र नेवारहरूले नयाँ संविधान बारे जानकारी रहेको बताए ।

चित्र ३.४ नेपालको संविधान (२०७२) बारेमा जानकारी (% मा, संख्या=१५९५)



३.४ संविधानका व्यवस्थाका बारेमा जानकारी

चित्र ३.५ मा नयाँ संविधानका विभिन्न व्यवस्था बारे जनचेतनाको अवस्था देखाइएको छ । नयाँ संविधानबारे सुनेका नागरिकहरूलाई संविधानका विभिन्न व्यवस्था बारे प्रश्न सोधिएको थियो । सार्वजनिक क्षेत्रमा विभिन्न सामाजिक तथा जातीय समूहका मानिसहरूको समावेशीकरण तथा प्रतिनिधित्व सम्बन्धी व्यवस्थाको ७४ प्रतिशत नागरिकहरूमा पूर्ण वा केही मात्रामा जानकारी रहेको पाइयो । तर झण्डै पाँचमध्ये एक जनाले राजनीतिक दल तथा निर्वाचनमा समावेशीकरण गरिएको छ भन्ने व्यवस्था जानकारी नभएको बताए । करिव ८५ प्रतिशत नागरिकलाई सबै जात जातिका व्यक्तिलाई राज्यमा समान अधिकार छ भन्ने व्यवस्थाको जानकारी रहेको पाइयो । चारमध्ये एक जनाले निम्न बमोजिमको व्यावस्थाको जानकारी नभएको बताए - (क) नागरिकहरू आफ्नो क्षेत्रको विकास निर्माणका निर्णयमा संलग्न हुन सक्छन् (२४%), (ख) स्थानीय सरकारलाई आफ्नो शासन चलाउने, कानून बनाउने र न्याय दिने जिम्मेवारी र अधिकार दिएको छ (२५%) र सरकारको काम तीन तहमा बाँडिएको छ - संघ, प्रदेश र स्थानीय (२३%)।

चित्र ३.५ संविधानका व्यवस्थाका बारेमा जानकारी (% मा, संख्या=९७०)



३.५ विकासको प्राथमिकता

नेपालको संविधानले तीन तहकै सरकारलाई एकल र साझा अधिकार क्षेत्र तोकेको छ । सो बमोजिम आवश्यकता तथा प्राथमिकता अनुसार सबै तहका सरकारहरूले काम गरिरहेका हुन्छन् । सर्वेक्षणमा नागरिकहरूलाई प्रादेशिक तथा स्थानीय सरकारका आगामी पाँच बर्षमा विकास प्राथमिकता केमा हुनु पर्छ भनि सोधिएको थियो । सबैभन्दा बढी नागरिकले प्रादेशिक तथा स्थानीय सरकारको

प्रथम प्राथमिकता सडक (४२%) हुनुपर्ने बताए भने सबैभन्दा कम नागरिकहरूले त्यस्तो प्राथमिकता वातावरण संरक्षण (१%) हुनुपर्ने बताए । त्यस्तै दशमध्ये एक जनाले जल विद्युत विकास, शिक्षामा सुधार, स्वास्थमा सुधार, रोजगारी श्रृजना तथा गरीवी निवारण दोस्रो प्राथमिकता हुनुपर्ने बताए । भ्रष्टाचार नियन्त्रण (३%) तथा सामाजिक सुरक्षा (३%) मा प्रथम र दोस्रो प्राथमिकता हुनपर्छ भन्ने नागरिकहरू थोरै देखिए । भण्डै पाँचमध्ये एक जनाले सडक (२२%) र खानेपानी (१६%) दोस्रो प्राथमिकता हुनुपर्ने बताए ।

चित्र ३.६ प्रादेशिक तथा स्थानीय सरकारका आगामी ५ बर्षको विकास प्राथमिकता (% मा, संख्या=१५९५)



३.६ स्थानीय सरकारको कार्यसम्पादन

नेपालको संविधानले स्थानीय सरकारहरूलाई आफ्नो अधिकार क्षेत्रभित्र रही सार्वजनिक सेवा प्रवाह गर्ने गर्छ अधिकार दिएको छ । सर्वेक्षणमा नागरिकहरूलाई स्थानीय सरकारको चित्र ३.७ मा उल्लेख गरेका कार्य प्रतिको अवधारणाको बारेमा सोधिएको थियो । करिव दशमध्ये एक जनाले स्थानीय सरकारले उल्लिखित कार्यहरू क्रमश समाजिक समावेशिता प्रवर्द्धन (१०%), सार्वजनिक सेवामा सुधार (९%), जनताको अधिकार संरक्षण (११%) र योजना निर्माण तथा विकास निर्माण प्रक्रियामा जनताको सहभागिता सुनिश्चित गर्नेछन् भन्नेमा विश्वास नगरेको पाइयो । औसतमा पाँचमध्ये एक जना नागरिकले स्थानीय सरकारले उल्लिखित कार्यहरू गर्नेछन् भन्नेमा पूर्ण विश्वास गरेको पाइयो भने तीन चौथाई नागरिकले आंशिक मात्रामा विश्वास गरेको पाइयो ।

चित्र ३.७ स्थानीय सरकारको सम्पादन प्रतिको धारणा (%मा, संख्या=१५९५)



३.७ स्थानीय शासन प्रणालीमा सुधार

चित्र ३.८ स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले शासन प्रणालीमा ल्याउने सुधारप्रति नागरिकहरूको धारणा देखाइएको छ । सर्वेक्षणमा नागरिकहरूलाई स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूले शासन प्रणालीमा ल्याउने सुधारका बारेमा प्रश्न सोधिएको थियो । झण्डै तीन चौथाई (७३%) नागरिकहरू निर्वाचित जनप्रतिनिधिहरूले शासन प्रणालीमा केही सुधार ल्याउने छन् भन्नेमा बिश्वास गरेको पाइयो भने १५ प्रतिशतले सुशासनमा उल्लेख्य सुधार गर्नेछन् भन्ने विश्वास गरेका पाइयो । जम्मा सात प्रतिशत नागरिकहरूले निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा सुधार गर्दैनन् भन्ने धारणा राखे भने एक प्रतिशतले अवस्था अझ बिग्रनेछ भन्ने धारणा राखे ।

चित्र ३.८ स्थानीयतहमा निर्वाचित प्रतिनिधिहरूले शासन प्रणालीमा ल्याउने सुधारप्रति नागरिकहरूको धारणा (%मा, संख्या=१५९५)



३.८ राजनैतिक दलका क्रियाकलापबारे जानकारी

नागरिकलाई राजनीतिक दलका क्रियाकलापबारे प्रश्न सोधिएको थियो । जम्मा ४१ प्रतिशत नागरिकलाई राजनीतिक दलका क्रियाकलापहरूको जानकारी भएको पाइयो । एक चौथाई महिलाहरू (२६%) मा राजनीतिक दलका क्रियाकलापहरूको जानकारी भएको पाइयो जबकि ६९ प्रतिशत पुरूषहरूमा उक्त जानकारी भएको पाइयो । उमेर अनुसार १८ देखि २४ बर्षका बहुमत (५८%) नागरिक मा राजनीतिक दलका क्रियाकलापहरूको ज्ञान भएको पाइयो तर उमेर बढेसंगै त्यस्तो क्रियाकलापको जानकारी भएका नागरिकको संख्या घटेको पाइयो । शिक्षाको स्तर तथा आर्थिक अवस्थामा सुधार आएसँगै त्यस्तो क्रियाकलापको जानकारी भएका नागरिकको संख्या बढेको पाइयो । उच्च शिक्षा प्राप्त गर्ने ८५ प्रतिशत नागरिकहरूलाई राजनीतिक दलका क्रियाकलापहरूको जानकारी भएको पाइयो तर निरक्षर १८ प्रतिशतले मात्र त्यस्तो जानकारी भएको बताए । त्यस्तै ७२ प्रतिशत धनी वर्ग, ५१ प्रतिशत मध्यम वर्ग तथा, २९ प्रतिशत गरीब वर्गमा राजनीतिक दलका क्रियाकलापहरूको जानकारी भएको पाइयो । जातजातिको हकमा सबैभन्दा बढी पहाडे जनजाति (६६%) मा त्यस्तो जानकारी भएको पाइयो भने थोरै मुसलमानमा मात्र राजनीतिक दलका क्रियाकलापको जानकारी भएको पाइयो । ब्राह्मण/संयासी (५४%), तराई जात (५२%) पहाडे क्षेत्री/ठकुरी (३९%), नेवार (३३ %), तराई जनजाति (४३%) र दलितहरू (२८%) नागरिकमा राजनीतिक दलका क्रियाकलापहरूको जानकारी भएको पाइयो ।

चित्र ३.९ राजनीतिक दलका क्रियाकलापहरूको जानकारी (% मा, संख्या=१५९५)



३.९ राजनीति दलप्रति विश्वास

राजनीतिक दलको क्रियाकलापबारे जानकारी भएका नागरिकहरूमध्ये अधिकांशलाई राजनीतिक दलहरूले चित्र ३.१० मा उल्लिखित कार्यहरू गर्छन् भन्ने विश्वास गरेको देखिन्छ । सार्वजनिक सेवामा सुधार, तीन तहको सरकारको संरचना कार्यान्वयन, देशमा समावेशी संस्कृतिको प्रवर्द्धन, कानूनको पालना, विकास निर्माण जस्ता कार्यहरू गर्छन् भन्नेमा राजनीतिक दलप्रति क्रमशः ८६ प्रतिशत, ८९ प्रतिशत, ८९ प्रतिशत, ७९ प्रतिशत, ९३ प्रतिशत, ५० प्रतिशत नागरिकहरूले पूर्ण वा आंशिक विश्वास गरेको पाइयो । पाँचमध्ये एक जना (२१%) ले राजनीतिक दलले सार्वजनिक सेवामा सुधार ल्याउने छन् भन्नेमा पूर्ण विश्वास गरेको पाइयो । त्यस्तै गरी एक तिहाई (३५%) नागरिकले दलहरूले तीन तहको सरकारको संरचना कार्यान्वयन गर्छन् भन्नेमा पूर्ण विश्वास गरेको पाइयो भने चारमध्ये एक जनाले मात्र देशमा समावेशी संस्कृतिको प्रवर्द्धन (२७%), कानूनको पालना (२५%) र विकास निर्माण (२८%) मा राजनीतिक दलप्रति पूर्ण विश्वास गरेको पाइयो । भ्रष्टाचार नियन्त्रण गर्नेमा १२ प्रतिशत नागरिक मात्र राजनीतिक दलहरू प्रति आशावादी रहेको पाइयो ।

चित्र ३.१० राजनीतिक दलप्रतिको विश्वास (%मा, संख्या=६४६)



३.१० राजनैतिक दलले उम्मेद्वारको छनौट गर्ने प्रक्रिया

लोकतन्त्रमा राजनीतिक दलका क्रियाकलापहरू तथा राजनीतिक दलले निर्वाचनमा उम्मेदवारको छनौट गर्ने कार्यहरू महत्वपूर्ण रहन्छन् । सर्वेक्षणमा राजनीतिक दलको बारेमा जानकारी भएका नागरिकलाई राजनीतिक दलले के के आधारमा उम्मेदवार छनौट गर्छन् भन्ने प्रश्न सोधिएको थियो । करिव ३५ प्रतिशत नागरिकले ठूला नेताको पारिवारिक नाता/सम्बन्धको आधारमा उम्मेदवार छनौट गरिन्छ भन्ने धारणा राखेको पाइयो भने झण्डै एक चौथाई (२४%) नागरिकको पहिलाको कार्यासम्पादनको आधारमा उम्मेदवार छनौट गरिन्छ भन्ने विचार रहेको पाइयो । त्यस्तै स्थानीय समितिहरूको सुझावको आधारमा १० प्रतिशतले, १६ प्रतिशतले पार्टी पार्टिको वरिष्ठताको आधारमा र छ प्रतिशतले पार्टीलाई चन्दा दिएको आधारमा उम्मेदवार छनौट गरिन्छ भन्ने बताए ।

चित्र ३.११ राजनीतिक दलले निर्वाचनमा उम्मेदवार छनौट गर्ने प्रक्रिया (%मा, संख्या=६४६)



३.११ सार्वजनिक सरोकारको बिषयमा सार्वजनिक सञ्चार

नेपालको संविधानले मौलिक हकको रूपमा सूचनाको हकलाई विशेष महत्व दिएको छ र त्यस्ता सार्वजनिक सरोकारका विषयमा नागरिकहरूलाई सूचना प्रदान गर्नु सरकारको दायित्व हो । सर्वेक्षणमा सार्वजनिक सरोकारका विषयमा सरकारले दिने सूचनाप्रति नागरिकको धारणा बुझ्न प्रश्न सोधिएको थियो । सरकारले विभिन्न माध्यमबाट सार्वजनिक सरोकारका विषयमा सूचना नियमित वा कहिलेकांही प्रदान गर्छ भन्नेमा दुइ तिहाइभन्दा बढी (७०%) नागरिकले सहमत भए भने झण्डै चारमध्ये एक (२४%) नागरिकले त्यस्तो सूचना सरकारले नियमित रूपमा प्रदान गर्छ भन्नेमा सहमत भए । करिव १३ प्रतिशत नागरिकले सरकारले त्यस्तो सूचना विरलै प्रवाह गर्छ भन्ने धारणा राखेको पाइयो । नगरपालिका तथा गाँउपालिकामा क्रमश २६ प्रतिशत र २१ प्रतिशत

नागरिकहरूले त्यस्तो सूचना सरकारले नियमित रूपमा प्रदान गर्छ भन्ने धारणा राखेको पाइयो । महिलाहरू (६४%) को तुलनामा बढी पुरूषहरू (७७%) ले सरकारले विभिन्न माध्यमबाट सार्वजनिक सरोकारका विषयमा सूचना प्रवाह गर्दछ भन्नेमा विश्वास गरेको पाइयो । नागरिकहरूको उमेर बढेसँगै सरकारले सार्वजनिक सरोकारका विषयमा सूचना प्रवाह गर्छ भन्ने विश्वास गर्नेको संख्या घट्दै गएको पाइयो । उदाहरणको लागि १८ -२४ वर्ष उमेर समूहका ८० प्रतिशत नागरिकहरूले सरकारले सार्वजनिक सरोकारका विषयमा सूचना प्रवाह गर्छ भन्ने विश्वास गरेको पाइयो भने ६० वर्ष वा सो भन्दामाथिका ५६ प्रतिशत नागरिकहरूले मात्र त्यस्तो विश्वास गरेको पाइयो ।

चित्र ३.१२ सरकारले विभिन्न माध्यमबाट सार्वजनिक सरोकारका विषयमा प्रवाह गर्ने सार्वजनिक सूचनाप्रतिको धारणा (% मा, संख्या=१५९५)



३.१२ सरकारले प्रवाह गरेको सूचनाको स्पष्टता

सरकारले सार्वजनिक सूचनाहरू नागरिकले बुझ्ने गरी सरल तरिकाले प्रवाह गर्नुपर्छ । सर्वेक्षणमा सार्वजनिक सूचनाको बुझाइ सम्बन्धी नागरिकहरूलाई प्रश्न सोधिएको थियो । सरकारले विभिन्न माध्यमबाट सार्वजनिक सरोकारका विषयमा प्रदानगर्ने सूचनाको वुझाइ सम्बन्धी नागरिकहरूको धारणा चित्र ३.१३ मा देखाइएको छ । एक तिहाईभन्दा बढी (३५%) नागरिकले सरकारले प्रवाह गर्ने सार्वजनिक सूचना स्पष्ट रूपमा बुझेको पाइयो भने दशमध्ये एक जना (१२%) ले त्यस्तो सूचना केही पनि नबुझेको बताए । सार्वजनिक सूचना केही मात्रामा बुझ्ने गरेको नागरिकले संख्या ५३ प्रतिशत थियो ।

चित्र ३.१३ सरकारले प्रवाह गर्ने सार्वजनिक सूचनाको बुझाई (% मा, संख्या=१३१९)



३.१३ सुरक्षाको अवस्थामा सुधार

नेपालको संविधानले नागरिकको सामाजिक सुरक्षालाई विशेष प्राथमिकतामा राखेको छ । तीनै तहका सरकारहरूले आधारभूत सामाजिक सुरक्षाको व्यवस्थालाई कार्यान्वयन गर्नु पर्ने संवैधानिक र कानूनी व्यवस्था छ । सर्वेक्षणमा नागरिकहरूलाई आँफू वा आफ्नो परिवारका सदस्यहरूले सरकारले व्यवस्था गरेको विभिन्न सामाजिक सुरक्षाका बारेमा सुनेको र प्राप्त गरे/नगरेको भन्ने प्रश्न सोधिएको थियो । करिव आधा नागरिकहरूले महिलाहरूलाई जग्गा दर्ता शुल्कमा रहेको छुट र स्वास्थ्य वीमा बारे नसुनेको बताए । त्यस्तै झण्डै दुइ तिहाई (६५%) नागरिकहरूले भौगोलिक/सीमान्तकृत समुदायका नागरिकलाई प्रदान गरिने भत्ता र बेरोजगारी भत्ताको बारेमा सुनेको पाइएन । महिलाहरूलाई जग्गा दर्ता शुल्कमा भएको छुट सात प्रतिशतले, स्वास्थ्य वीमा दुई प्रतिशतले र अपाङ्गता भत्ता एक प्रतिशतले मात्र सुविधा लिएको पाइयो । सामाजिक सुरक्षाका विभिन्न प्रणालीहरूमध्ये सबैभन्दा बढी नागरिकहरू (७९%) ले नि:शुल्क औषधी र स्वास्थ्य सुविधा लिएको पाइयो । त्यस्तै ५७ प्रतिशत नागरिकहरूले बालबालिकाका लागि नि:शुल्क आभारभूत र माध्यमिक शिक्षा तथा ४४ प्रतिशतले छात्राहरूका लागि सामुदायिक विद्यालयमा छात्रवृत्ति सुविधा लिएको पाइयो । करिव १० मा नौ नागरिकले अपाङ्गता भत्ता र १० मा आठ नागरिकले विधवा/एकल भत्ता बारे सुनेको तर सुविधा लिन योग्य नरहेको बताए । त्यस्तै तीनमध्ये एकजनाले दलित/ सीमान्तकृत विद्यार्थीका लागि सामुदायिक विद्यालयमा छात्रवृत्तिबारे र बृद्ध भत्ता बारे सुनेको तर सुविधा लिन योग्य नरहेको बताए । दशमध्ये एकजनाले दलित/सीमान्तकृत विद्यार्थीका लागि सामुदायिक विद्यालयमा छात्रवृत्तिबारे नसुनेको बताए । त्यस्तै छ प्रतिशतले छात्राहरूका लागि सामुदायिक विद्यालयमा छात्रवृति, पाँच प्रतिशतले अपाङ्गता भत्ता र चार प्रतिशतले नि:शुल्क औषधी र स्वास्थ सुविधा बारे नसुनेको बताए ।

चित्र ३.१४ आधारभूत सामाजिक सुरक्षाको बारेमा जानकरी र सहभागिता (% मा, संख्या=१५९५)



३.१४ सार्वजनिक सुरक्षाको अवस्था

नागरिकहरूलाई विगत पाँच बर्षयता आधारभूत सुरक्षामा भएको सुधारसम्बन्धी प्रश्न सोधिएको थियो । बहुमत नागरिकहरू आधारभूत सुरक्षामा सुधार भएको छ भन्नेमा सहमत भएको पाइयो । दशमध्ये नौ जनाले सरकारी कल्याण योजना वा सामाजिक सुरक्षाको अवस्थामा सुधार भएको बताए भने तीन चौथाईभन्दा बढी (८४%) नागरिकहरूले निजी सम्पत्तिको सुरक्षाको अनुभूति र आफ्नो जीवनको सुरक्षाको अनुभूति (८३%) मा सुधार भएको बताए । झण्डै पाँचमध्ये एकजनाले खाद्य सुरक्षा (२२%), पहिरो/बाढी/विपद्बाट संरक्षण (२१%) र उपभोक्ता अधिकार (१८%) को अवस्था उस्तै रहेको बताए ।

चित्र ३.१५ सुरक्षाको अवस्थामा (%मा, संख्या=१५९५)



३.१५ आकस्मिक आपद्मा मद्दत

सर्वेक्षणमा नागरिकहरूलाई आँफू वा आफ्नो परिवारमा कुनै पनि किसिमको आकस्मिक आपद् वा विपद्को बेला सहयोगको लागि कोसँग मद्दत माग्नु हुन्छ भन्ने प्रश्न सोधिएको थियो । दशमध्ये सात (७०%) नागरिकहरूले आँफू वा आफ्नो परिवारमा कुनै आकस्मिक आपद् वा विपद्को बेला सहयोगको लागि टोल छिमेक/साथीहरूलाई पहिलो प्राथमिकतामा राख्ने गरेको बताए भने १६ प्रतिशत नागरिकहरूले प्रहरीलाई लागि पहिलो प्राथमिकतामा राख्ने गरेको बताए । तर तीन चौथाई (७५%) नागरिकहरूले प्रहरीलाई सहयोगको लागि दोस्रो प्राथमिकतामा राख्ने गरेको बताए । झण्डै दशमध्ये एक जना (८%) ले स्थानीय निर्वाचित प्रतिनिधिलाई पहिलो प्राथमिकतामा राख्ने गरेको बताए । स्थानीय गैसस कर्मचारी वा कार्यालय, स्थानीय राजनीतिकदलका प्रतिनिधिहरू, मध्यस्थकर्ता/स्थानीय प्रभावशाली व्यक्ति र अदालतलाई आपतकाल वा प्रकोपको बेला नागरिकहरूले सहयोगको लागि प्राथमिकतामा राखेको पाइएन ।

चित्र ३.१६ आकस्मिक आपद्मा मद्दतको प्राथमिकता (%मा, संख्या=१५९५)



परिच्छेद
४

सार्वजनिक सेवा प्रवाह

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ मा सार्वजनिक सेवाप्रति नागरिकको अनुभव र सार्वजनिक सेवाको वातावरण लगायतलाई समावेश गरी सार्वजनिक सेवा प्रवाहका सम्वन्धमा नागरिकहरूलाई विभिन्न प्रश्न सोधिएको थियो । यो परिच्छेद्मा सार्वजनिक सेवाका तिनै विभिन्न पक्षहरूको बारेमा विश्लेषण गरिएको छ । सर्वेक्षणमा समेटिएका नागरिकका अनुभवहरू जस्तै, सरकारी कार्यालयबाट सेवा लिए/नलिएको, सेवा लिन कसैको सहयोग चाहिए/नचाहिएको, सेवा लिनको लागि गरेको प्रयास, सेवा लिंदा कुनै शुल्क तिरे/नतिरेको, सेवा प्रदायकहरूको व्यवहार, सेवा प्राप्त गर्नमा अवरोध वा समस्या र समग्र सार्वजनिक सेवाको वातावरणलाई यस परिच्छेद्मा विश्लेषण गरिएको छ ।

४.१ सार्वजनिक सेवाको प्रयोग

सर्वेक्षणमा नागरिकहरूलाई कुनै समयमा सरकारी कार्यालयबाट कुनै प्रकारको सेवा (नागरिकता, सिफारिस, राहदानी, जग्गा सम्बन्धी आदि) लिए नलिएको बारे सोधिएको थियो । सबैभन्दा बढी (३६%) नागरिकले सर्वेक्षणको दुई बर्षअगाडि सरकारी कार्यालयबाट सेवा लिएको बताए भने ३५ प्रतिशत नागरिकले सर्वेक्षण अघिको छ महिनाभित्र, १७ प्रतिशतले एक वर्षभित्र र तीन प्रतिशतले दुई वर्षभित्र सेवा लिएको बताए । करिव सात प्रतिशत नागरिकहरूले भने कार्यालय गएर कहिल्यै सरकारी सेवा नलिएको बताए । नागरिकहरू लिङ्ग, उमेर, शैक्षिक अवस्था, जातजाति र आर्थिक अवस्थाका आधारमा सार्वजनिक सेवा लिने प्रवृत्तिमा खासै भिन्नता देखिदैन । (अनुसूची ३ हेर्नुहोस्)

चित्र ४.१ सार्वजनिक सेवाको प्राप्ति (%मा, संख्या=१५९५)



४.२ सेवा प्राप्त गर्न गरेको प्रयास

दुई वर्षभित्र सरकारी कार्यालयबाट सेवा लिएका नागरिकलाई चाहिएको सेवा प्राप्त गर्न कार्यालय कति पटक जानुपरेको थियो भनेर सोधिएको थियो । तीन चौथाई नागरिक (७४%)ले चाहिएको सेवा एक पटकमै प्राप्त गरेका थिए भने २१ प्रतिशतले दोस्रो पटकमा र पाँच प्रतिशतले तेस्रो पटकमा प्राप्त गरेका थिए । यसले नागरिकले सेवालिंदा व्यहोर्नु पर्ने झन्झट क्रमशः कम हुदै गरएको संकेत गर्दछ । नागरिकको लिङ्ग, उमेर, आर्थिक अवस्था, शिक्षा र जातीयताले सेवा लिन गर्नु परेको प्रयासमा खासै भिन्नता ल्याएको देखिदैन ।

चित्र ४.२ सेवा प्राप्त गर्न गरेको प्रयासको पटक (%मा, संख्या= ८८५)



४.३ सार्वजनिक सेवा लिए वापत तिरेको रकम

दुई वर्षभित्र सरकारी सेवा लिएका नागरिकलाई तपाई वा तपाईको परिवारका सदस्यले सेवा लिए वापत कुनै शुल्क तिर्नुभयो भनि प्रश्न सोधिएको थियो । साथै शुल्क तिरेको भए सो वापत रसिद प्राप्त गर्नुभयो या भएन पनि सोधिएको थियो । आधा नागरिक (५१%) ले शुल्क तिरेको र सो वापत रसिद पाएको बताए भने ४४ प्रतिशतले कुनै पनि शुल्क नतिरेको बताए । अल्पसंख्यक (२%) ले मात्र शुल्क तिरेको तर तिरेको सबै रकमको रसिद नपाएको बताए ।

चित्र ४.३ सार्वजनिक सेवा लिए वापत तिरेको रकम (%मा, संख्या= ८८५)



४.४ सेवा प्रदायकको व्यवहार

सर्वेक्षणमा दुई वर्षभित्र सरकारी सेवा लिएका नागरिकहरूलाई सरकारी कर्मचारीको व्यवहार बारे विभिन्न प्रश्न सोधिएको थियो । दुई तिहाईभन्दा बढी नागरिक (७२%) सरकारी कर्मचारीले सेवाका बारेमा स्पष्ट सूचना दिन्छन् भन्ने भनाईमा पूर्ण वा आंशिक सहमत भएको पाइयो । त्यस्तै सरकारी कर्मचारीले नम्र भाषाको प्रयोग गर्छन् भन्नेमा सहमत हुने ७१ प्रतिशत, मित्रभाव/मिलनसार व्यवहार गर्छन् भन्नेमा ६८ प्रतिशत, नियमको पालना गर्छन् भन्नेमा ६७ प्रतिशत, सेवाग्रहीको कुराहरू राम्रोसँग सुन्छन् बुझ्छन् भन्नेमा ६६ प्रतिशत र समयमा सेवा उपलब्ध गराउछन् भन्नेमा ६० प्रतिशत नागरिक पूर्ण वा आंशिक सहमत भएको पाइयो । तर करिव एक तिहाई नागरिकले उल्लिखित भनाईमा असहमति जनाए । यसले अझै पनि ठूलो संख्यामा नेपालीहरू सरकारी कर्मचारीहरूको व्यवहारप्रति सन्तुष्ट छैनन् भन्ने संकेत गर्दछ । सरकारी कर्मचारीले सेवा लिंदा केही झन्झट/समस्या दिंदैनन् भन्ने कुरामा भने नागरिकको मिश्रित अनुभव रहेको छ । सो भनाईमा ५० प्रतिशत नागरिक सहमत छन् भने सोही मात्रामा असहमत थिए ।

चित्र ४.४ सार्वजनिक सेवा प्रदायकको व्यवहार (%मा, संख्या=८८५)



४.५ सार्वजनिक सेवा लिनलाई हुने अवरोध

सर्वेक्षणमा दुई वर्षभित्र सार्वजनिक कार्यालयबाट सेवा लिएका नागरिकलाई के कस्ता कारणले सेवा लिन कुनै बाधा वा समस्या गर्दछ भनि सोधिएको थियो । अत्यधिक बहुमत नागरिकहरूले सरकारी कार्यालयमा आफ्नो वा चिनेको मान्छे नहुनु (८५%) र दुरी/असहज भौगोलिक अवस्थिति (८०%) ले सार्वजनिक सेवा लिन बाधा हुने गरेको बताए । सरकारी कर्मचारीको व्यवहार (७९%), शारीरिक अशक्तता (६७%), भाषा (५५%) विचौलियाको उपस्थिति (५८%), सेवाग्राही महिला वा पुरूष हुनु (५८%) र जात/जातीयता (५१%) ले पनि सार्वजनिक सेवालिंदा बाधा हुने गरेको बताउने नागरिकको संख्या उल्लेख्य छ ।

चित्र ४.५ सार्वजनिक सेवा लिनलाई हुने अवरोध (% मा, संख्या=८८५)



४.६ सार्वजनिक सेवा प्राप्त गर्दाको सहजता

सर्वेक्षणमा सहभागी नागरिकलाई केही सावर्जनिक सेवाहरू लिन कत्तिको सहज होला भन्ने प्रश्न सोधिएको थियो । अत्यधिक बहुमत नागरिक (८८%) ले सरकारी विद्यालयमा बच्चाको भर्ना गर्न सहज भएको बताए । त्यस्तै, ८६ प्रतिशत नागरिकले पञ्जिकरण (जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई आदि) सेवा लिन सहज भएको बताए । नजिकैको सरकारी अस्पतालमा वा स्वास्थ्य संस्थामा उपचार गर्न ८३ प्रतिशत नागरिकले सहज भएको बताए । करिव ८० प्रतिशत नागरिकलाई नागरिकता लिन सहज भएको लाग्यो । तर जग्गा पास गर्न वा जग्गाको रेकर्ड प्राप्त गर्न ४६

प्रतिशत नागरिकले मात्रै सहज हुने बताए । त्यस्तै विद्युत जडान गर्न ४२ प्रतिशत र खानेपानी धारा जडान गर्न ३२ प्रतिशत नागरिकले मात्रै सहज हुने बताए । तर, ठूलो संख्यामा (४१%) ले कहिल्यै खानेपानी धारा जडान गर्न प्रयास नगरेको पनि उल्लेख गरेका थिए । त्यस्तै २४ प्रतिशत र २२ प्रतिशत नागरिकले पनि विद्युत जडान गर्न, जग्गा पास गर्न र रेकर्ड लिन गर्न कहिल्यै प्रयास नगरेको उल्लेख गरेका थिए । तर, यो सर्वेक्षणले अझै पनि केही सार्वजनिक सेवा प्राप्त गर्न धेरै नागरिकहरूलाई असहज हुने गरेको संकेत गर्दछ ।

चित्र ४.६ सार्वजनिक सेवा प्राप्त गर्दाको सहजता (%मा, संख्या=१५९५)



४.७ सार्वजनिक सेवाको वातावरण

सर्वेक्षणमा सार्वजनिक सेवाको वातावरणको बारेमा बुझ्न नागरिकहरूलाई विभिन्न प्रश्नहरू गरिएको थियो । सरकारी कार्यालयमा यदि कसैसंग चिनेको वा पहुँच छ भने जसरी पनि काम हुन्छ भन्ने भनाइमा अत्यधिक बहुमत (८५%) नागरिकहरू सहमति जनाए । त्यस्तै सरकारी कार्यालयमा सेवा लिन कागजपत्र मिलेर मात्र हुँदैन, घुस पनि आवश्यक छ भन्ने भनाइमा ६२ प्रतिशत नागरिकहरू सहमति जनाए । धरै नागरिकले (६८%) भने प्रायजसो सेवाग्राहीले आँफैले (विचौलियाको सहयोग

बिना) सेवा लिन सक्छन् भन्नेमा सहमत भए । तर ५२ प्रतिशत नागरिकहरू सरकारी कार्यालयमा कुनै झन्झट् बिना सेवा प्राप्त गर्न सकिन्छ भन्ने कुरामा असहमत भए । सरकारी कार्यालयहरूमा सेवाहरू तोकिएको मापदण्डमा उपलब्ध गराइन्छ भन्नेमा ५४ प्रतिशत नागरिक सहमत भए । तर त्यसको विपरित सरकारी कार्यालयमा तोकिएको समयमा सेवा उपलब्ध गराइन्छ भन्ने भनाईमा ४० प्रतिशत नागरिक असहमत भए । सरकारी कार्यालयमा पर्याप्त साधन र सुविधाहरू भन्नेमा ५२ प्रतिशत नागरिक सहमत भए । सरकारी कर्मचारीहरूले पर्याप्त तलव र सुविधा प्राप्त गरेका छन् भन्नेमा ६४ प्रतिशत नागरिक सहमत भए । त्यस्तै ३६ प्रतिशत नागरिकले मात्र राजनीतिक दलले आफ्नो अनुकूल काम गर्न सरकारी कर्मचारीलाई हस्तक्षेप गर्दैनन् भन्ने भनाइमा सहमत देखिए ।

चित्र ४.७ सार्वजनिक सेवाको वातावरण (% मा, संख्या=१५९५)



४.८ सार्वजनिक सेवा प्रतिको सन्तुष्टी

सर्वेक्षणमा सहभागी नागरिकलाई तपाईले लिएको सरकारी सेवाबाट कतिको सन्तुष्ट हुनुहुन्छ भनि प्रश्न सोधिएको थियो । बहुमत नागरिकले सेवाबाट सन्तुष्ट रहेको उल्लेख गरेका थिए, जसमा १७ प्रतिशत पूर्ण सन्तुष्ट र ६५ प्रतिशत आंशिक सन्तुष्ट थिए । करिव १३ प्रतिशत नागरिक केहीमात्रामा असन्तुष्ट थिए भने तीन प्रतिशत पूर्ण असन्तुष्ट थिए ।

चित्र न. ४.८ सार्वजनिक सेवाप्रतिको सन्तुष्टी (% मा, संख्या=१५९५)



सर्वेक्षणले समग्र रूपमा नागरिकहरू सार्वजनिक सेवाप्रति सन्तुष्ट भएको देखाए पनि पूर्णरूपमा सन्तुष्ट हुने अनुपात निकै न्यून छ । यसले सार्वजनिक सेवाको गुणस्तरमा सुधार गर्नुपर्ने नागरिकहरूको अभिमतलाई संकेत गर्दछ ।

परिच्छेद
५

दृष्टिकोण र सम्भावनाहरू

नेपाल राष्ट्रिय शासकीय सर्वेक्षण २०७४ मा नागरिकहरूलाई समग्र देशको दिशा, आफ्नो वर्तमान जीवनस्तर, देश र आफ्नु आगामी अवस्थाको बारेमा प्रश्न सोधिएको थियो । यसबाट नागरिकहरूको देशको अवस्था प्रतिको धारणा मापन गर्न सकिन्छ । यसका साथै राज्यप्रतिको अपेक्षा र भरोसा पनि बुझ्न सकिन्छ । यो परिच्छेद्मा नागरिकका यिनै धारणा प्रस्तुत गरिएको छ ।

५.१ देशको समग्र दिशा

सर्वेक्षणमा नागरिकहरूलाई समग्ररूपमा देश कुन दिशातर्फ गईरहेको छ जस्तो लाग्छ भन्ने प्रश्न सोधिएको थियो । सुदूरपश्चिम प्रदेशका अत्यधिक बहुमत नागरिक (८४%) ले समग्ररूपमा देश सही दिशातर्फ गईरहेको उल्लेख गरेका थिए । यद्यपी, १० प्रतिशत नागरिकले भने देश गलत दिशातर्फ गईरहेको बताए । त्यस्तै छ प्रतिशतले देश कुन दिशातर्फ गईरहेको छ भन्नेबारे केही टिप्पणी गर्न नसक्ने बताए । नागरिकको शिक्षा, उमेर, पेशा तथा अन्य बिशेषता अनुसार यो अनुपातमा केही भिन्नता देखिन्छ ।

चित्र ५.१ देश कुन दिशा गईरहेको छ? (%मा, संख्या=१५९५)



५.२ देशको आगामी अवस्थामा सुधार

सर्वेक्षणमा नागरिकलाई उनीहरूले आउँदो पाँच वर्षभित्र उल्लेख गरिएका क्षेत्रमा कस्तो परिवर्तनको आशा गरेका छन् भनेर सोधिएको थियो । अत्यधिक बहुमत नागरिकले हरेक क्षेत्रमा सुधार हुने विश्वास गरेको पाइयो । नेपालको वर्तमान आर्थिक अवस्थामा सुधार आउँछ भन्ने कुरामा ८६ प्रतिशत नागरिक आशावादी छन् भने सरकारमाथि नागरिकको विश्वासमा सुधार आउँछ भन्ने कुरामा ८५ प्रतिशत नागरिकलाई विश्वास रहेको पाइयो । त्यस्तै आफ्नो जीवनस्तरमा सुधार आउँछ भन्नेमा ८३ प्रतिशत र नेपालको राजनीतिक अवस्थामा सुधार आउँछ भन्नेमा ८३ प्रतिशत नागरिक विश्वस्त रहेको पाइयो । एकदमै सानो संख्यामा (२% वा कम) नागरिकहरूलाई अवस्था विग्रिन्छ भन्ने चिन्ता लागेको बताए । तर केही नागरिक (५-९%) ले ती पक्षहरूको अवस्था उस्तै रहन्छ भने भने केहीले (७-८%) सो बारे थाहा नभएको वा भन्न नसक्ने बताए ।

चित्र न. ५.२ देशको आगामी अवस्थामा सुधार



अनुसुची

अनुसूची १: उत्तरदाताको सामाजिक तथा जनसंख्याको विवरण

विवरण		संख्या	%
नगरपालिका/ गाउँपालिका	नगरपालिका	८७७	५५
	गाउँपालिका	७१८	४५
लिङ्ग	पुरूष	७२०	४५
	महिला	८७५	५५
जात र जातीयता	पहाडे ब्राह्मण/संन्यासी	२०९	१३
	पहाडे क्षेत्री/ठकुरी	६९४	४४
	नेवार	३	०.२
	पहाडे जनजाति	२९	२
	तराई ब्राह्मण/भूमिहार/ राजपुत/कायस्थ	२७	२
	अन्य तराई जात	१९	१
	तराई जनजाति (थारू बाहेक)	१०५	७
	पहाडे दलित	२०२	१३
	तराई दलित	६२	४
	मुसलमान	१	०.१
	थारू	२४४	१५
उमेर समूह	१८-२४	१८७	१२
	२५ -३९	५८१	३६
	४०-५९	५५५	३५
	६० र सो भन्दामाथि	२७२	१७
शिक्षा	निरक्षर	६७५	४२
	पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	२६३	१७
	आधारभूत शिक्षा	३२२	२०
	माध्यमिक शिक्षा	२६३	१७
	उच्च शिक्षा	७२	५

पेशा	कृषि	६२१	३९
	व्यापार	१२६	८
	सेवा	१५७	१०
	ज्यालादारी	१११	७
	घरायसी काम	३३०	२१
	वेरोजगार	२१६	१४
	अन्य पेशाहरू	३४	२
आर्थिक अवस्था	धनी	१८	१
	मध्यम स्तर	८२९	५२
	गरीव	७४८	४७
	जम्मा	१५९५	१००

अनुसूची २: वि. सं. २०७४ सालको संघीय तथा प्रदेश निर्वाचनमा सहभागिता

(%मा, सख्या=१५९५)

वि. सं. २०७४ सालको संघ, प्रदेश र स्थानीय तहको निर्वाचनमा सहभागीता (उत्तरदाताको विवरण)		मतदान गरे %	मतदान गरिन %	जम्मा
नगरपालिका/ गाउँपालिका	नगरपालिका	९३	७	१००
	गाउँपालिका	९४	६	१००
लिङ्ग	पुरूष	९२	८	१००
	महिला	९५	५	१००
उमेर समूह	१८-२४	८८	१२	१००
	२५ -३९	९२	८	१००
	४०-५९	९५	५	१००
	६० र सो भन्दामाथि	९६	४	१००
शिक्षा	निरक्षर	९६	४	१००
	पढ्न लेख्न सक्ने तर औपाचारिक शिक्षा नभएको	९५	५	१००
	आधारभूत शिक्षा	९०	१०	१००
	माध्यमिक शिक्षा	८९	११	१००
	उच्च शिक्षा	९०	१०	१००
जातीयता	पहाडे ब्राह्मण/संन्यासी	८९	११	१००
	पहाडे क्षेत्री ठकुरी	९५	५	१००
	नेवार	१००	०	१००
	पहाडे जनजाति	९३	७	१००
	तराई जात	९४	७	१००
	तराई जनजाति	९४	६	१००
	दलित	९३	७	१००
	मुसलमान	१००	०	१००

पेशा	कृषि	९७	३	१००
	व्यापार	९२	८	१००
	सेवा	८२	१८	१००
	ज्यालादारी	९६	५	१००
	घरायसी काम	९३	७	१००
	वेरोजगार	९३	७	१००
	अन्य पेशाहरू	९४	६	१००
आर्थिक अवस्था	धनी	८३	१७	१००
	मध्यम स्तर	९२	८	१००
	गरीव	९५	५	१००
	जम्मा	९३	७	१००

अनुसूची ३: सार्वजनिक सेवाको प्रयोग (%मा, संख्या=१५९५)

		तपाई वा तपाईको परिवारको सदस्य सरकारी कार्यालयमा सेवा लिन (जस्तैः नागरिकता, सिफारिस, राहदानी)													
		विगत छ महिनामा		विगत एक बर्षभित्र		विगत दुई बर्षभित्र		दुई बर्षभन्दा अघि		कहिल्यै लिएको छैन/सरकारी कार्यालय गएको छैन		थाहा छैन/भन्न सक्दिन		जम्मा	
		संख्या	%	संख्या	%	संख्या	%	संख्या	%	संख्या	%	संख्या	%	संख्या	%
नगरपालिका/ गाउँपालिका	नगरपालिका	३२९	३८	१४२	१६	२४	३	३०६	३५	६०	७	१६	२	८७७	१००
	गाउँपालिका	२३५	३३	१३५	१९	२०	३	२६१	३७	५१	७	१६	२	७१८	१००
लिङ्ग	पुरूष	२८४	४०	१३२	१८	२२	३	२५३	३५	२१	३	८	१	७२०	१००
	महिला	२८०	३२	१४५	१७	२२	३	३१४	३६	९०	१०	२४	३	८७५	१००
उमेर समूह	१८-२४	७८	४२	४९	२६	४	२	५२	२८	३	२	१	१	१८७	१००
	२५ -३९	२१८	३८	९९	१७	१४	२	२०१	३५	४०	७	९	२	५८१	१००
	४०-५९	१७७	३२	१००	१८	२२	४	२११	३८	३९	७	६	१	५५५	१००
	६० र सोभन्दा माथि	९१	३४	२९	११	४	२	१०३	३८	२९	११	१६	६	२७२	१००
शिक्षा	निरक्षर	२०८	३१	१०२	१५	१९	३	२५७	३८	६९	१०	२०	३	६७५	१००
	पढ्न लेख्न सक्ने तर औपचारिक शिक्षा नभएको	८४	३२	४२	१६	३	१	११२	४३	१९	७	३	१	२६३	१००
	आधारभूत शिक्षा	१२०	३७	५३	१७	१०	३	११७	३६	१६	५	६	२	३२२	१००
	माध्यमिक शिक्षा	११८	४५	६४	२४	१०	४	६४	२४	४	२	३	१	२६३	१००
	उच्च शिक्षा	३४	४७	१६	२२	२	३	१७	२४	३	४	०	०	७२	१००

जातीयता	पहाडे ब्राह्मण संन्यासी	९५	४६	३०	१४	१०	५	५९	२८	१३	६	२	१	२०९	१००
	पहाडे क्षेत्री ठकुरी	२६३	३८	१००	१४	२१	३	२६६	३८	३३	५	११	२	६९४	१००
	नेवार	०	०	२	६७	०	०	१	३३	०	०	०	०	३	१००
	पहाडे जनजाति	१८	६२	७	२४	०	०	४	१४	०	०	०	०	२९	१००
	तराई जात	१६	३५	११	२४	०	०	११	२४	८	१७	०	०	४६	१००
	तराई जनजाति	६५	१९	८७	२५	९	३	१३५	३९	४०	१२	१३	४	३४९	१००
	दलित	१०७	४१	४०	१५	४	२	९०	३४	१७	६	६	२	२६४	१००
	मुसलमान	०	०	०	०	०	०	१	१००	०	०	०	०	१	१००
पेशा	कृषि	२६३	४२	८४	१४	१६	३	१९८	३२	४९	८	११	२	६२१	१००
	व्यापार	५८	४६	३०	२४	३	२	२९	२३	४	३	२	२	१२६	१००
	सेवा	५६	३६	३४	२२	६	४	५७	३६	४	३	०	०	१५७	१००
	ज्यालादारी	३१	२८	२४	२२	३	३	४८	४३	४	४	१	१	१११	१००
	घरायसी काम	५९	१८	६४	१९	११	३	१४८	४५	४१	१२	७	२	३३०	१००
	बेरोजगार	७९	३७	३३	१५	४	२	८१	३८	८	४	११	५	२१६	१००
	अन्य पेशाहरू	१८	५३	८	२४	१	३	६	१८	१	३	०	०	३४	१००
आर्थिक अवस्था	धनी	४	२२	४	२२	०	०	७	३९	३	१७	०	०	१८	१००
	मध्यम स्तर	३०९	३७	१५३	१९	३१	४	२६७	३२	५३	६	१६	२	८२९	१००
	गरीव	२५१	३४	१२०	१६	१३	२	२९३	३९	५५	७	१६	२	७४८	१००
	जम्मा	५६४	३५	२७७	१७.४	४४	२.८	५६७	३५.५	१११	७	३२	२	१५९५	१००

अनुसन्धान तथा परामर्श सेवा विभाग
नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
ईमेलः rcsd@nasc.org.np
www.nasc.org.np

ISBN 978-9937-9467-0-4
9 789937 946704